सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सुष्मालता माथेमा

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

आदेश

मुद्दा नं. : ०७२-WO-०४५०

विषय : नेपालको संविधानको धारा १३३(१), (२) र (३) बमोजिम राष्ट्रिय मानव अधिकार आयोगको निर्णय एवम् सिफारिसहरुको प्रभावकारी कार्यान्वयनका लागि उत्प्रेषण, परमादेश लगायत जो चाहिने आज्ञा, आदेश वा पुर्जी जारी गरिपाऊँ।

कानून अध्ययन केन्द्रका तर्फबाट अधिकार प्राप्त गरी आफ्नो हकमा समेत कानून अध्ययन केन्द्रका अध्यक्ष का. जि. तारकेश्वर नगरपालिका वडा नं ९ बस्ने अधिवक्ता वीरेन्द्रप्रसाद थपलिया ....................................................................१ निवेदक

विरूद्ध

राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर..........................................१

नेपाल सरकार, मन्त्रिपरिषद, काठमाडौं ...................................................१

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, काठमाडौं.......१

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार काठमाडौं.......................................................................................१ विपक्षी

व्यवस्थापिका संसद, नयाँ वानेश्वर काठमाडौं...............................................१

नेपाल राज्यका महान्यायाधिवक्ता, महान्यायधिवक्ताको कार्यालय, रामशाहपथ. काठमाडौं.......................................................................................१

नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं............................................१

सशस्त्र प्रहरी प्रधान कार्यालय, हलचोक, काठमाडौं ...........................................१

नेपाली सेना जङ्गी अड्डा, भद्रकाली, काठमाडौं.................................................१

नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

<u>तथ्य खण्ड</u>

१. निवेदनको बेहोराः

म निवेदक कानून तथा मानवअधिकारको क्षेत्रमा कार्यरत कानून व्यवसायी हुँ र कानून अध्ययन केन्द्र नामक कानूनको शासन, लोकतन्त्र तथा मानवअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाको अध्यक्ष समेत रहेको छु। साथै म निवेदक मानवअधिकार उल्लङ्घनका घटनाहरुको निष्पक्ष अनुसन्धान र प्रभावकारी उपचारको लागि निरन्तर वकालत गर्दै आइरहेको छु। नेपालमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरुमा राष्ट्रिय मानवअधिकार आयोग (*यसपछि आयोग भनी सम्बोधन गरिएको*) ले सिफारिस, निर्णय तथा आदेशहरु गरी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गरेको छ। तर आयोगद्वारा गरिएका सिफारिस, निर्णय तथा आदेश भएको लामो समय व्यतित भइसक्दासमेत आयोगका सिफारिस निर्णय तथा आदेशहरुको कार्यान्वयन गरी, नागरिकको मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नु गराउनु पर्ने संवैधानिक एवम् कानूनी दायित्व विपक्षीहरुबाट बहन नभएकोले आयोगबाट भएका त्यस्ता सिफारिस, निर्णय तथा आदेशहरुको प्रभावकारी कार्यान्वयनका लागि अन्य प्रभावकारी उपचारको अभावमा प्रस्तुत सार्वजनिक सरोकारको निवेदन लिई सम्मानित अदालत समक्ष उपस्थित भएको छु। संविधानको धारा २४९(१) तथा मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ ले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन एवं त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चत गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुने व्यवस्था गरेको छ। संविधानको यो व्यवस्थाले आयोगलाई मानव अधिकार उल्लङ्घन र त्यसको दुरुत्साहन सम्बन्धमा उजुरी लिने, छानविन तथा अनुसन्धान गर्ने र दोषीउपर कारवाही गर्न एवम् पीडितलाई राहत क्षतिपूर्ति उपलब्ध गराउन सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकाय समक्ष सिफारिस गर्ने कार्यदिश समेत सुम्पिएको देखिन्छ। साथै, आयोगको त्यस्तो सिफारिस, निर्णय वा आदेश निर्देशनको पालना नगर्ने नगराउने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा सार्वजनिक गर्ने समेतका कामकारवाही गरी मानव

अधिकारको प्रभावकारी रुपमा सम्मान, संरक्षण, संवर्द्धन गर्नु गराउनु पर्ने दायित्व समेत आयोगलाई सुम्पिएको छ। त्यसैगरी उक्त ऐनको दफा २१ ले आयोगको सिफारिस, आदेश वा निर्णय पालना नगर्ने र आयोगको कार्यमा असहयोग गर्ने समेतका पदाधिकारी उपर विभागीय कारवाही चलाउन आयोगले सम्बन्धित निकायमा लेखी पठाउने भन्ने व्यवस्था गरेको देखिन्छ। उल्लिखित कानूनी व्यवस्थाले मानव अधिकार उल्लङ्घन तथा त्यसका दुरुत्साहनका विषयमा आयोगले गरेका सिफारिस, निर्णय वा आदेशको कार्यान्वयन गर्न गराउन विपक्षीहरुलाई थप दायित्व सुम्पिएको छ। आफ्नो अवहेलनामा कारवाही गर्न सक्ने कानूनी व्यवस्थाको अभावले समेत मानव अधिकार आयोगबाट भएका निर्णय, सिफारिस तथा आदेशहरुको कार्यान्वयन प्रभावित भएको पाइएकाले यस सम्बन्धमा मानव अधिकार आयोगलाई समेत आफ्नो अवहेलनामा कारवाही गर्न सक्ने गरी कानूनी व्यवस्था गर्नु वाञ्छनीय हुन्छ। यसका साथै नेपालको संविधानको धारा २४८ अन्तर्गत गठित मानव अधिकार आयोगको क्षेत्राधिकार संविधानप्रदत्त क्षेत्राधिकार हो र यसको क्षेत्राधिकारलाई कुनै ऐनले गरेको व्यवस्थावाट संकुचन वा अतिक्रमण गर्न मिल्दैन, तर वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(२) ले "*प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा विचाराधीन मुद्दाहरु सम्बन्धित अदालत तथा निकायसँगको परामर्शमा आयोगले छानविन गर्नेछ*" भन्ने व्यवस्था गरेको छ। त्यसैगरी सोही ऐनको उफा १३(३) ले "*प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न निकायमा विचाराधीन उजुरीहरुमा आयोगले छानविन गर्नेछ*" भन्ने व्यवस्था गरेको छ। उल्लिखित कानूनमा सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा विचाराधीन मुद्दाहरु सम्बन्धित अदालत तथा निकायसँगको परामर्शमा आयोगले छानविन गर्नेछ भन्ने व्यवस्था मानव अधिकार आयोग समेतमा विचाराधीन मुद्दामा ती निकायहरुले परामर्श नदिएको विषयमा के हुने वा ती मुद्दाहरुको छानविन अनुसन्धान गर्ने दायित्व कसको हुने भन्ने सम्बन्धमा प्रष्टता भएको पाइँदैन। साथै आयोग एक संवैधानिक अङ्ग भएको र यसले अनुसन्धान गरेको विषय सो हदसम्म अन्तिम निर्णय हुने हुँदा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग

ऐनको दफा १३(३) ले उक्त आयोगहरुलाई मानव अधिकार आयोगवाट भएका काम कारवाहीलाई अन्यथा गर्न सक्ने भएकोले उक्त ऐनको दफा १३(३) को व्यवस्था संविधानको धारा २४९ ले व्यवस्था गरेको राष्ट्रिय मानव अधिकारको क्षेत्राधिकारसँग बाझिएको छ। अतः सो हदसम्मको उक्त ऐनको व्यवस्था खारेजभागी छ। अदालतद्वारा न्यायिक हस्तक्षेपको माध्यमद्धारा आवश्यक उपाय नअपनाउने हो भने मानव अधिकार आयोगको संवैधानिक र कानूनी दायित्व बहन हुन नसकी मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन हुन नसक्ने भएकोले निम्नानुसार आदेश जारी गरिपाऊँ:

(क) संविधानको धारा २४९ को उपधारा २ को खण्ड (ज) तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७ अन्तर्गत आयोगले मानव अधिकार उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा सार्वजनिक गरी अभिलेखमा राख्ने व्यवस्था यो मुद्दाको अन्तिम किनारा भएको पैतिस दिन भित्र कानून बमोजिम लागु गरी सार्वजनिक गर्नु गराउनु भन्ने आदेश गरिपाऊँ।

(ख) आयोगको निर्णय तथा सिफारिसहरुको कार्यान्वयनको स्पष्ट कार्ययोजना बनाई लागु गर्न नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई परमादेश जारी गरी प्रस्तुत रिट निवेदनलाई निरन्तर परमादेशको रुपमा हेरी प्रत्येक तीन तीन महिनामा कार्यप्रगति विवरण अदालत समक्ष पेश गर्न आदेश जारी गरिपाऊँ।

(ग) उपर्युक्त आदेश भएको छ महिनासम्म भएको प्रगतिको अनुगमन गरी आगामी दिनमा आयोगका सिफारिस, निर्णय तथा आदेश कार्यान्वयनका लागि आवश्यक पर्ने के कस्तो कानूनी तथा संरचनागत व्यवस्था गर्नु पर्छ भन्ने सम्बन्धमा विपक्षीहरु वाट समेत प्रतिवेदन लिई उक्त संरचना तयार गर्नु आवश्यक उपयुक्त आदेश जारी गरिपाऊँ।

(घ) आयोगको निर्णय तथा सिफारिसमा दोषी देखिएका व्यक्तिहरुलाई कुनै पनि सार्वजनिक पदमा नियुक्ति, बढुवा वा वैदेशिक तालिममा सहभागी नगर्नू नगराउनू भनी विपक्षीहरुको नाउँमा आदेश गरिपाऊँ।

(ङ) आयोगको सिफारिस सोझै कार्यान्वयन गर्न सम्बन्धित निकाय समक्ष पठाउने र त्यस्तो निकायले पनि उक्त आदेश कार्यान्वयन गर्न लाग्ने समय र कार्ययोजना बनाई सिफारिस

कार्यान्वयन गर्ने व्यवस्था गर्न विपक्षी आयोग र प्रधानमन्त्रीको कार्यालयलाई आदेश गरिपाऊँ।

(च) मिति २०६९।११।२३ मा अधिवक्ता ओम प्रकाश अर्याल समेत विरुद्ध राष्ट्रिय मानवअधिकार आयोग समेत भएको (रिट नं. ०६८-WS-००६३, ने.का.प. २०७०, अंक ७, पेज २४३) उत्प्रेषण मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला अनुसार सरकारी मुद्दा सम्वन्धी ऐनमा संशोधन गरी राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिसको आधारमा फौजदारी जवाफदेहिता सुनिश्चित गर्ने व्यवस्था गर्नु भनी आदेश गरिपाऊँ।

(छ) राष्ट्रिय मानव अधिकार आयोगले फौजदारी कारवाही गर्ने गरी सिफारिस गर्दा सम्बन्धित सरकारी वकिलको नाउँमा सोझै सिफारिस गर्ने व्यवस्था गर्न भनी आदेश गरिपाऊँ।

(ज) राष्ट्रिय मानव अधिकार आयोगको निर्णय तथा सिफारिस कार्यान्वयन नहुनुको पछाडीका विभिन्न कारणहरु मध्ये आयोगलाई प्रचलित नेपाल कानून बमोजिम गठन भएका विभिन्न जाँचबुझ आयोग र पछिल्लो समयमा गठन भएको सत्य निरुपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगलाई भएको आफ्नो अवहेलनामा कारवाही गर्ने, गर्न सक्ने व्यवस्था नरहनु पनि एक हो। अतः आफ्नो अवहेलनामा कारवाही गर्न सक्ने क्षेत्राधिकार उक्त राष्ट्रिय मानव अधिकार आयोगलाई दिन वाञ्छनीय भएकोले सोहीबमोजिम आवश्यक र उपयुक्त आदेश जारी गरिपाऊँ।

(झ) वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(३) संविधानको धारा २४९ ले राष्ट्रिय मानव अधिकार आयोगलाई दिएको क्षेत्राधिकारसँग वाझिएको छ। अतः राष्ट्रिय मानव अधिकार आयोगलाई संविधानप्रदत्त क्षेत्राधिकार प्रतिकूल हुने गरी राखिएको वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(३) लाई उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ भन्ने समेत वेहोराको निवेदनपत्र।

२. **यस अदालतको आदेश**

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार कारण भए सोसमेत साथै राखी यो आदेश

प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत यस अदालतमा लिखितजवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा सूचना म्याद जारी गरी लिखितजवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्ने समेत बेहोराको यस अदालतबाट मिति २०७२।०९।२९ गते भएको आदेश।

३. व्यवस्थापिका संसदको लिखितजवाफः

व्यवस्थापिका संसदको नियमावलीमा उल्लिखित विधि र प्रक्रिया बमोजिम तोकिएको जिम्मेवारी पूरा गर्ने व्यवस्थापिका-संसदलाई संविधानको कुनै धारासँग अमुक कानूनको कुनै दफा उपदफाको प्रावधान बाझिएको तथा कुनै संवैधानिक आयोगले आफ्नो प्रतिवेदनमा औंल्याएको विषय नेपाल सरकारबाट कार्यान्वयन नगरिएको भनी दायर गरिने यस किसिमका निवेदनहरुमा प्रत्यर्थी बनाउनु औचित्यपूर्ण हुँदैन। व्यवस्थापिका-संसदलाई अनावश्यक रुपमा प्रत्यर्थी बनाईएको प्रस्तुत रिट निवेदन प्रथम दृष्टि मै खारेजभागी छ। साथै रिट निवेदकले आफ्नो रिट निवेदनमा मानव अधिकार आयोगलाई आफ्नो अवहेलनामा कारवाही गर्न सक्ने क्षेत्राधिकार दिन आवश्यक र उपयुक्त आदेश समेतको माग गर्नुभएको छ। आफ्नो अवहेलनामा कारवाही गर्न सक्ने अधिकार संविधानतः अदालत बाहेक अन्य कुनै निकायलाई हुन सक्ने प्रकृतिको अधिकार नै नभएकोले यस्तो अधिकारको दावी गर्नु कुनै पनि रुपमा औचित्यपूर्ण हुन सक्तैन। यसैगरी विभिन्न ऐन संशोधन तथा नयाँ ऐनको व्यवस्थाको लागि आदेश जारी हुन माग गरिएकोमा समयको परिवर्तन र राज्यको आवश्यकता अनुसार प्रचलित ऐनमा संशोधन वा नयाँ ऐनको निर्माण, व्यवस्थापिका-संसदबाट विधि र प्रक्रिया बमोजिम हुने नै हुँदा यस्तो विषयमा रिट निवेदनको कुनै गुञ्जायस रहन सक्तैन। जहाँसम्म बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(३) संविधानको धारा २४९ सँग बाझिएको भन्ने प्रश्न छ सो सम्बन्धमा अमुक कानूनको अमुक दफा उपदफामा रहेको प्रावधान संविधानसँग बाझिएको छ वा छैन भनी संविधानको कसिमा जाँच गर्ने एकमात्र स्वतन्त्र निकाय सम्मानित सर्वोच्च अदालतनै भएकोले यस्तो विषयमा यस सचिवालयबाट प्रस्तुत गरिने लिखितजवाफले कुनै महत्त्व नराख्ने हुँदा यस व्यवस्थापिका संसदलाई प्रत्यर्थी बनाउनु पर्ने आवश्यकतानै नभएको तथा यी रिट निवेदकको जिकिर तर्कसङ्गत र कानूनसङ्गत

नरहेकोले व्यवस्थापिका संसदको हकमा प्रस्तुत रिट् निवेदन खारेजभागी रहेकोले खारेज गरिपाऊँ भन्ने समेत बेहोराको व्यवस्थापिका संसदको लिखितजवाफ।

४. प्रहरी प्रधान कार्यालयको लिखितजवाफः

संविधान, प्रहरी ऐन नियमावली तथा अन्य प्रचलित कानूनबमोजिम मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने वा गराउने साथै असहाय महिला तथा बालवालिकाका हक अधिकार संरक्षणसम्बन्धी विशेष योजना बनाई कार्यान्वयन गर्ने वा गराउने कार्य नेपाल प्रहरीको प्रमुख कार्य रहेकोले मानव अधिकारको संरक्षण संवर्द्धन र कानूनी शासन कार्यान्वयन गर्नका लागि नेपाल प्रहरी प्राथमिक कार्ययोजना बनाई कार्य गर्दै आइरहेको छ। नेपाल प्रहरी सङ्गठन कानून कार्यान्वयन निकायको रुपमा राज्यद्वारा निर्मित कानूनको पूर्ण पालना गर्ने गराउने तथा कानून बमोजिम प्राप्त आदेश निर्देशनको अक्षरसः पालना गर्ने गराउने एक अनुशासित सङ्गठन भएको कुरामा दुईमत छैन र प्रहरी सङ्गठनबाट त्यस्तो कुनै आदेशको पालना नभएको भनी रिट निवेदकले आफ्नो निवेदनमा खुलाउन सकेको अवस्था पनि छैन। जहाँसम्म सम्मानित मानव अधिकार आयोगको निर्णय एवं सिफारिसहरुको प्रभावकारी कार्यान्वयन नभएको भन्ने रिट निवेदन जिकिर छ, आयोगबाट बिभिन्न मितिमा प्रहरी प्रधान कार्यालयमा प्राप्त हुन आएका निवेदन, निर्णय एवं सिफारिसहरुको प्रभावकारी कार्यान्वयन गर्नका लागि तत्कालै सम्वन्धित प्रहरी कार्यालयहरुलाई निर्देशन दिने गरेको व्यहोरा सम्मानित अदालत समक्ष अनुरोध गर्दै प्रहरी प्रधान कार्यालय समेत विरुद्धको उल्लेखित रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत बेहोराको प्रहरी प्रधान कार्यालयको लिखितजवाफ।

५. महान्यायाधिवक्ता कार्यालयको लिखितजवाफः

नेपालको संविधानको धारा १५८ को उपधारा ६ को खण्ड (ख) वमोजिम सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या र प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्ने गराउने कार्य महान्यायाधिवक्ताले गरि आएको अवस्था हुँदाहुँदै आदेश कार्यान्वयन गराउन कुनै पहल नगरेको भनी उठाईएको विषय निराधार छ। समग्रमा महान्यायाधिवक्तालाई विपक्षी वनाउनु पर्ने आधार र कारण रिट निवेदनमा उल्लेख हुन नसकेको र कानून निर्माणको विषय व्यवस्थापिकाको भएकोले व्यवस्थापिकाले उपयुक्त समयमा उपयुक्त कानून निर्माण गर्ने नै भएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत बेहोराको महान्यायाधिवक्ताको

कार्यालयको लिखितजवाफ।

६. कानून न्याय तथा संसदिय मामिला मन्त्रालयको लिखितजवाफः

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३ को उपदफा (३) संविधानको धारा २४९ सँग बाझिएको भनी जिकिर लिएको सम्बन्धमा संविधान देशको मूल कानून हो, संविधानसँग बाझिने कानूनहरु बाझिएको हदसम्म अमान्य हुन्छन्। नेपालको संविधानको धारा ३०४ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशमा संविधानसँग बाझिएका कानून यो संविधान बमोजिमको संघीय संसदको पहिलो अधिवेशन वसेको मितिले एक वर्ष पछि बाझिएको हदसम्म स्वतः अमान्य हुने भनी स्पष्ट उल्लेख भएको छ। रिट निवेदकले दावी गरे जस्तो संविधानसँग उक्त ऐनको दफा बाझिएको भनी अर्थ गर्न मिल्दैन। संविधानको धारा २४९ ले राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ। उक्त धाराको उपधारा (२) को खण्ड (ज) मा मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायका नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा अभिलेख राख्ने व्यवस्था छ भने ऐनको दफा १३ को उपदफा (३) मा सशस्त्र द्वन्द्वको क्रममा भएका घटनाको छानविन गर्ने कुरा उल्लेख छ। विल्कुलै भिन्न अवस्था विद्यमान रहेको सन्दर्भमा मानव अधिकार आयोगले मानव अधिकार उल्लङ्घनकर्ताको अभिलेख राख्ने र ऐनले दिएको छानविन गर्ने अधिकारसम्बन्धी विषय अलगअलग भएकोले यी दुई विषय एक अर्कामा बाझिएको भन्न मिल्ने होइन। राष्ट्रिय मानवअधिकार आयोगको अधिकार क्षेत्र मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा व्यापक रहेको छ। यो आयोगको नियमित जिम्मेवारी पनि हो। तर, सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग सशस्त्र द्वन्द्वका क्रममा भएका घटनासँग मात्र सम्बन्धित र नेपालको अन्तरिम संविधान, २०६३ बमोजिमको शान्ति प्रक्रियासँग सम्बन्धित महत्त्वपूर्ण संयन्त्र हुन्। नेपालको संविधानको धारा ३०४ को उपधारा (२) ले नेपालको अन्तरिम संविधान, २०६३ बमोजिमका शान्ति प्रक्रिया सम्बन्धी कार्यहरु यसै संविधान बमोजिम भए गरेको मानिनेछ भनी बचाउ समेत गरेको अवस्था छ। साथै राष्ट्रिय मानव अधिकार आयोगले संविधान एवं प्रचलित नेपाल कानून बमोजिम यस मन्त्रालयलाई दिएका निर्देशन र सिफारिसहरु कार्यान्वयन गर्न मन्त्रालय प्रतिबद्ध रहेको छ

तर निवेदकले रिट निवेदनमा यस मन्त्रालयले राष्ट्रिय मानव अधिकार आयोगले दिएका के कुन निर्देशन पालना नगरेको हो भन्ने कुरा रिट निवेदनमा स्पष्ट उल्लेख गर्न नसकेको र प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न यस मन्त्रालय सक्षम भएको हुँदा सरकारका नियमित काम कारबाहीलाई रिट क्षेत्रमा प्रवेश गरी सम्मानित सर्वोच्च अदालतमा चुनौति दिन समेत सान्दर्भिक देखिँदैन। तसर्थ, प्रस्तुत रिट निवेदनको कुनै औचित्य नरहेको हुँदा खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखितजवाफ।

७. **मन्त्रिपरिषद् एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखितजवाफः**

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संविधान तथा प्रचलित नेपाल कानूनको परिपालना गरी, गराई नागरिकका मानव अधिकार, मौलिक एवं कानूनी हक, अधिकारको प्रत्याभूति प्रदान गर्ने कुरामा प्रतिवद्ध रहेको छ। तत्कालीन नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी माओवादीको वीचमा भएको विस्तृत शान्ति सम्झौता तथा तत्कालीन नेपालको अन्तरिम संविधान २०६३, को धारा ३३ को खण्ड (ध) मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा सङ्लग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने संवैधानिक व्यवस्था बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानविन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भएको हो। उक्त ऐनको उद्देश्य नै सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था, गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने रहेको छ। सोही मान्यता अनुरुप नै उक्त ऐनको दफा १३ को उपदफा (३) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न निकायमा विचाराधीन उजुरीहरु आयोगले छानविन गर्नेछ भन्ने व्यवस्था गरिएको हुँदा उक्त व्यवस्था

नेपालको संविधानको धारा २४९ मा रहेको राष्ट्रिय मानव अधिकार आयोगको काम कर्तव्य र अधिकारसँग बाझियो भन्ने जिकिर कानूनसम्मत देखिंदैन। नेपाल सरकारले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने सम्बन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रतिवद्धता व्यक्त गर्नुको साथै मानव अधिकार सम्बन्धी महासन्धिहरुको पक्ष राष्ट्र भएको छ। ती महासन्धिहरुमा गरिएको व्यवस्था अनुरुप कानूनहरुको परिमार्जन गर्ने र मानव अधिकार सम्बन्धी कार्ययोजना समेत वनाई कार्यान्वयन गरी रहेको अवस्था समेत छ। जहाँसम्म राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसहरु कार्यन्वयन नभएको भन्ने निवेदन जिकिर छ, निवेदनको प्रकरण नं ४ मा *आयोगका १३ वर्ष, उजुरी उपर आयोगका सिफारिसहरु र कार्यान्वियनको अवस्था, वि.सं. २०५७-०७०* मा प्रकाशित भनिएको तथ्याङ्कअनुसार मानव अधिकार उल्लङ्घनका विषयमा ७३५ सिफारिसहरु मध्ये १०५ पूर्ण कार्यान्वयन, ३५२ आंशिक कार्यान्वयन र २८७ वटा कार्यान्वयन नभएको भन्ने निवेदनमा उल्लिखित तथ्यले समेत खण्डित गरेको छ। साथै यस कार्यालयबाट गरिएको राष्ट्रिय मानव अधिकार आयोगद्वारा नेपाल सरकारसमक्ष गरिएको सिफारिसहरुको कार्यान्वयन स्थिति विषयक एक अध्ययनले वि.सं. २०५८-०७० सम्म आयोगबाट गरिएका ७७६ वटा सिफारिसहरु मध्ये ११८ वटा पूर्ण कार्यान्वयन भएका, ४६९ सिफारिसहरु आंशिक कार्यान्वयन भएका र ५८ कार्यान्वयनको क्रममा रहेको देखाएको छ। तसर्थ, आयोगको सिफारिसहरुलाई सरकारले कार्यान्वयन नै नगरेको भन्न मिल्ने अवस्था रहेको छैन। आयोगको सिफारिसहरुको प्रभावकारी कार्यान्वयन गर्ने विषयलाई नेपाल सरकारले गम्भीर रुपमा लिएको छ र उपलब्ध आर्थिक स्रोत र साधनले भ्याए सम्म कार्यान्वयन गरिरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत बेहोराको नेपाल सरकार, मन्त्रिपरिषद् एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखितजवाफ।

८. **राष्ट्रिय मानव अधिकार आयोगको लिखितजवाफः**

विपक्षीले जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम गठित आयोग समेतलाई कानुनी रुपमा आफ्नो अवहेलनामा कारवाही चलाउने अधिकार प्रदान गरिए पनि आयोग जस्तो संवैधानिक निकायलाई यस सम्बन्धी अधिकार प्रदान नगरिँदा आयोगले गरेका सिफारिस कार्यान्वयनमा असर परेको भनी लिनु भएको मागदावी सम्बन्धमा त्यस्तो कानुन बनाउने क्षेत्राधिकार लिखित जवाफकर्तामा नभएको व्यहोरा सादर अनुरोध छ। आयोगले आफुले गरेका सबै किसिमका

सिफारिसहरू कार्यान्वयन गर्नको लागि नेपाल सरकार समक्ष पठाउँदै आएको छ। आयोगबाट सरोकारवालाहरूको जानकारीको लागि ती सिफारिसहरूको कार्यान्वयन अवस्था सम्बन्धमा तीन पटक कार्यान्वयनको अवस्था समेत प्रकाशित भएको छ। यस्तै नीतिगत सिफारिसको कार्यान्वयनको लागि पनि सरकारलाई लिखित पत्राचार गरी कार्यान्वयन अवस्था सरोकारवालाको जानकारीको लागि प्रकाशित गरिएको छ। आयोगबाट भएका सिफारिसहरू कार्यान्वयन नगर्ने व्यक्ति वा संस्था वा निकायको नाम सार्वजनिक गर्नका लागि आवश्यक निर्देशिका तथा कार्यविधि बनाई नाम सार्वजनिक गर्ने रणनीति लिएको र सो बमोजिमको लक्ष्य प्राप्त गर्न आयोग तत्परताका साथ क्रियाशील रहेको व्यहोरा सादर अनुरोध छ। नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०६८ को दफा ३१, मृतक हकदारलाई आर्थिक सहायता प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका २०६८ को दफा १७ र वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६८ को दफा १५ समेतका व्यवस्थाहरूले राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसलाई कुनै पनि किसिमले सम्बोधन नगरेको विषयमा आयोगको गम्भीर चासो रहेको व्यहोरा सादर अनुरोध छ। राहत र क्षतिपूर्ति सम्बन्धी व्यवस्थाहरू फरक-फरक भएपनि सरकारबाट राहत र क्षतिपूर्तिलाई एकै स्थानमा राखी राहत रकमलाई पनि क्षतिंपूर्ति भनी कटाउन पाउँने हैन। साथै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा आयोगले क्षतिपूर्ति रकम रु. ३००,०००। -(तिन लाख) रुपैयाँ सम्म मात्र सिफारिस गर्न सक्ने भनी सीमा तोकी कार्यविधि तथा निर्देशिकाको व्यवस्थाबाट आयोगले सिफारिस गर्न सक्ने रकमलाई निष्कृय पार्न खोजिएको व्यवस्थामा आयोगको गम्भीर चासो रहेको र सो सम्बन्धी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा (१६-३) को व्यवस्थामा संशोधन हुन नेपाल सरकारलाई च.नं. LAD ५०५ मिति २०७२/०९/२३ बाट लेखि पठाएको बेहोरा सादर अनुरोध छ। राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७(१) ले मानव अधिकार उल्लङ्घनकर्ताको नाम अभिलिखित गर्न सक्ने प्रष्ट व्यवस्था गरेको र त्यसमा थप प्रष्ट गर्नको लागि आयोगले नेपाल सरकारलाई च.नं. LAD ५०५ मिति २०७२/०९/२३ बाट ऐनको दफा ७(१) मा संशोधन गर्नको लागि लेखि पठाइसकेको हुँदा आयोगको हकमा रिट निवेदन जारी हुनुपर्ने हैन। फौजदारी कारवाहीमा आयोगले सिधै सरकारी वकीलमा मुद्दा चलाउन सिफारिस गर्न पाउने व्यवस्थाको लागि आदेश

जारि गरिपाऊँ भन्ने विपक्षीको माग दावी सम्बन्धमा पनि आयोगले च.नं. LAD ५०५ मिति २०७२/९/२३ बाट ऐनको दफा दफा ४ र तथा दफा १७(१०) मा सो सम्बन्धी व्यवस्था प्रस्ताव गरि पठाइ सकेको व्यहोरा सादर अनुरोध छ। बेपत्ता छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(३) संविधानको धारा २४९ सँग बाझिएको सन्दर्भमा उल्लेख गर्दा सो उपदफामा भएको व्यवस्थालाई हेरिनुपर्ने हुन्छ। सो उपदफामा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न निकायमा विचाराधीन उजुरीहरु आयोगले छानविन गर्नेछ" भनी उल्लेख भएको देखिन्छ। ऐनमा भएको उक्त व्यवस्थाले अन्य निकाय भनी उल्लेख गरेको भएपनि संवैधानिक निकाय वा आयोग भनी उल्लेख नगरेको अवस्था छ। साथै यस ऐनले स्थापना गरेका निकायहरू अस्थायी प्रकृतिका भएका र मानव अधिकार उल्लङ्घन जुनसुकै अवस्थामा भएको भएपनि त्यसको निरन्तर अनुगमन, अनुसन्धान छानबिन गर्ने कार्य स्थायी र संवैधानिक निकाय लिखितजवाफकर्ता भएको हुँदा यस विषयमा गम्भीर व्याख्या हुन सादर अनुरोध छ। रिट निवेदन जारी गरी राख्नु नपर्ने भएकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको राष्ट्रिय मानव अधिकार आयोगको लिखितजवाफ। साथै यसै लिखितजवाफ साथ पेश गरिएको च.नं. LAD ५०५ मिति २०७२/९/२३ को राष्ट्रिय मानव अधिकार आयोगबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा फैसला कार्यान्वयन शाखालाई लेखिएको पत्रसाथ सङ्लग्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा संशोधन गर्नुपर्ने विषयहरु र त्यसका आधार तथा कारणहरु निम्नानुसार रहेको छः

| दफा | विद्यमान व्यवस्था | हुनु पर्ने व्यवस्था | आधार तथा कारणहरु |
|---|---|---|---|
| प्रस्तावना | मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य, अधिकार तथा कार्यविधिको सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनिय भएकोले, नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका–संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ। | मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न **स्वतन्त्र र स्वायत्त** राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य, अधिकार तथा कार्यविधिको सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान, २०७२ को धारा १०९ बमोजिमको (व्यवस्थापिका-संसदले) यो ऐन बनाएको छ। | • पेरिस सिद्धान्त बमोजिम आयोग स्वतन्त्र र स्वायत्त निकाय हुनु पर्ने भएको तथा त्यसैको आधारमा आइसिसि (ICC)बाट आयोगको स्तर निर्धारण गर्ने प्रमूख आधार भएको कारण प्रस्तावनामा नै स्वतन्त्र र स्वायत्त भन्ने शब्दहरु राखु उपयुक्त हुने।<br>• मानव अधिकार आयोग ऐन, २०५३ को प्रस्तावनामा पनि स्वतन्त्र र स्वायत्त भन्ने उल्लेख भएकोमा उक्त ऐनलाई खारेज गरी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ आएको हुँदा सो शब्दहरुलाई यस ऐनमा पनि समावेश गर्न आवश्यक भएको। |

| | | | |
|---|---|---|---|
| दफा ४ (२) | मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने कार्यमा आयोग स्वतन्त्र र स्वायत्त रहनेछ। | ४(२) मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन तथा आर्थिक र कार्यगत रुपमा आयोग स्वतन्त्र र स्वायत्त रहनेछ। | • पेरिस सिद्धान्त बमोजिम आयोग स्वतन्त्र र स्वायत्त निकाय हुनु पर्ने भएको तथा त्यसैको आधारमा आइसिसि ((ICC)बाट आयोगको स्तर निर्धारण गर्ने एक प्रमूख आधार पनि स्वतन्त्र र स्वायत्त रहेको ।<br>• संयुक्त राष्ट्रसंघिय मानव अधिकार समिति र मानव अधिकारको विश्वव्यापी आवधिक समिक्षा दोश्रो चरणमा (नोभेम्वर ४, २०१५) समेत आयोगको पूर्ण स्वायत्तता स्वतन्त्रतालको लागि भएको सिफारिस कार्यान्वयन गर्न। |
| दफा ४ मा उप दफाहरू थप | नयाँ उपदफाहरू थप (३), (४) र (५) थप | ४(३) आयोगको एक अविच्छिन्न उतराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।<br>४(४) आयोगले व्यक्ति चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न वा अन्य किसिमले व्यवस्था गर्नसक्नेछ।<br>४(५) आयोगले आफ्नो नामबाट नालिस उजूर गर्न र आयोग उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ। | • नेपालको संविधानको धारा २९३ मा थप गरिएको अनुकुलको व्यवस्था ऐनमा समेत समावेश हुनु आवश्यक भएकोले।<br>• आयोगको व्यवहारिक स्वायत्तता र स्वतन्त्रता कायम राख्न। |
| दफा ७(१) | नाम सार्वजनिक गर्ने र अभिलेख राख्ने (१) आयोगले मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानी—जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा सार्वजनिक गर्नेछ । | नाम सार्वजनिक गर्ने र अभिलेख राख्नेः (१) आयोगले मानव अधिकारको उल्लङ्घनका सम्वन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानी—जानी पालना वा कार्यान्वयन नगर्ने वा मानव अधिकार उल्लङ्घनमा संलग्न भनी आयोगद्वारा दोषी ठहर भएका पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा सार्वजनिक गर्नेछ। | • मानव अधिकार उल्लङ्घनकर्ताको अभिलेख र नाम सार्वजनिक गर्दा मानव अधिकार हननमा प्रत्यक्ष रुपमा संलग्न हुने पदाधिकारी वा व्यक्ति वा निकायको नाम पनि समावेश गर्न । |
| १०(५) | मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा सो भए गरेको, कुनै व्यक्ति कसैको नियन्त्रणमा रहेकोमा सो नियन्त्रणबाट छुटेको वा त्यस्तो व्यक्ति सार्वजनिक भएको मितिले छ महिनाभित्र आयोगमा उजुरी गरिसक्नु पर्नेछ । | मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएको विषयमा आयोगमा उजुरी गर्न हदम्याद लाग्ने छैन। | • मानव अधिकार हननको विषयमा अन्तर्राष्ट्रिय कानून बमोजिम हदम्याद कायम गरी सीमित गर्न नमिल्ने।<br>• अधिवक्ता ओमप्रकाश अर्याल समेत विरुद्ध राष्ट्रिय मानव अधिकार आयोग समेत भएको रिट नम्वर ०६८- WS- ००६३ को उत्प्रेषण समेतको रिटमा सर्वोच्च अदालतको पूर्ण इजलाशबाट फैसला हुँदा यो व्यवस्था अन्तरिम संविधानको धारा १३२(२) (क) सँग बाझिएको भनि निर्णय भएको । |
| दफा १२(५) थप | नयाँ उपदफा थप | १२(५): अनुसन्धान तथा छानविन गर्दा कुनै व्यक्ति उपस्थित गराउन, कुनै लिखत पेश गर्न वा कुनै प्रमाण बुझ्न आयोगले उचित सम्झे बमोजिम म्याद तोक्न सक्नेछ। | • मानव अधिकार हनन्को विषयमा अनुसन्धान गर्न आयोगलाई संविधानले दिएको अधिकारलाई थप स्पष्ट गर्न।<br>• उक्त व्यवस्था मानव अधिकार |

| | | | |
|---|---|---|---|
| | | | आयोग ऐन २०५३ को दफा ११ मा पनि रहेको र त्यसबाट अनुसन्धानको कार्यमा थप स्पष्टता भएको अनुभव भएको । |
| दफा १३(३) थप | नयाँ उपदफा थप | १३(३) अनुसन्धान वा छानविन पछि तामेली वा खारेज गर्न सक्ने उजूरीहरूको अन्तिम निर्णय गरिनुपर्ने उजूरी निर्णयार्थ आयोगले तोकेको कुनै सदस्य समक्ष पेश गरिनेछ ।<br>१३(४) उपदफा (३) बमोजिम गरिएको निर्णयको जानकारी आयोगमा पेश गरिनेछ। सो निर्णयका सम्वन्धमा आयोगले अन्यथा निर्णय गरेकोमा बाहेक अन्तिम हुनेछ । | यस व्यवस्थाबाट उजूरी निर्णय प्रकृयामा सरल, सहज र छिटो हुने भएको र विगतको मानव अधिकार आयोग ऐन २०५३ बमोजिम यस प्रकारको प्रयोग भइ सफल देखिएकोले । |
| दफा१६ (३) | आयोगले उपदफा (२) बमोजिम रकम निर्धारण गर्दा पीडित व्यक्तिको अवस्था हेरी बढीमा तीन लाख रुपैयाँसम्म निर्धारण गर्न सक्नेछ । | <u>उपदफा ३ को सट्टा देहायको ३(क), ३(ख) र ३(ग) को व्यवस्था गर्ने</u><br>३(क) आयोगले उपदफा (२) बमोजिम रकम निर्धारण गर्दा पीडित व्यक्तिको अवस्था हेरी दश लाख रुपैयाँसम्म क्षतिपूर्ति निर्धारण गर्न सक्नेछ।<br>उपदफा (३)(ख) **परिपूरणको लागि सिफारिस गर्ने:** आयोगले उपदफा (३) बमोजिम क्षतिपूर्तिको अलावा पीडितलाई पुन उद्धार वा पुनर्स्थापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न तथा पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई देहायका सुविधा वा सहुलियत उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछः-<br>(१) निःशुल्क शिक्षा तथा स्वास्थोपचार,<br>(२) सीपमूलक तालीम,<br>(३) बसोबासको व्यवस्था,<br>(४ ) रोजगारको सुविधा,<br>(५) आयोगले उपयुक्त सम्झेको अन्य सुविधा वा सहुलियत।<br>उपदफा (३) (ग) **मनोसामाजिक विमर्श उपलब्ध गराउने:** आयोगले कुनै पीडितलाई मनोसामाजिक विमर्श उपलब्ध गराउन आवश्यक देखेमा नेपाल सरकार वा सम्बन्धित अधिकारी वा संस्थालाई मनोसामाजिक विमर्शकर्ताद्वारा मनोसामाजिक विमर्श उपलब्ध गराउन लेखि पठाउन सक्नेछ। | • बढीमा ३ लाख रुपैयाँ क्षतिपूर्ति निर्धारण गर्दा पीडितले क्षति भए बमोजिमको रकम पाउन नसक्ने अवस्था रहने।<br>• नेपाल सरकारले विभिन्न घटनामा मानव अधिकार हनन् भइ पीडित भएकाहरुलाई १० लाख रुपैयाँ क्षतिपूर्ति दिएको अवस्थामा आयोगको हकमा ३ लाख रुपैयाँकै हद कायम गर्दा समयानुकुल नहुने।<br>• मानव अधिकार हननबाट के कति क्षति भयो र त्यसमा कति दिदा पीडितले परिपूरणको महशुस गर्छ भन्ने कुराको निर्धारण गर्ने अधिकार मानव अधिकार हनन् भएको ठहर गर्ने निकायलाई दिन उपयुक्त हुने।<br>• २०५३ सालमा पारित भएको ऐनमा तोकिएको सीमा २०७२ साल सम्म पनि कायम रहेमा त्यसको प्रभावकारिता नहुने।<br>• मानव अधिकार हननका पीडितहरुले परिपूरण पाउने अधिकारको सम्मान गरी पीडितहरुको अधिकार वास्तविक रुपमा संरक्षण गर्न। |
| दफा १७(३) | स्पष्टिकरण प्रावधान थप गर्ने | <u>**स्पष्टीकरण:**</u> आयोगले यस अघि कार्यान्वियनको लागि सिफारिस गरिपठाएको निर्णयको हकमा सो | • आयोगका सिफारिस कार्यान्वयनमा सम्बन्धित निकायलाई कानुनी रुपमा नै एक पटक अवसर प्रदान गरि आयोगमा |

| | | | |
|---|---|---|---|
| | | कार्यान्वयनका लागि अप्ठ्यारो परेको भए यो प्रतिबन्धात्मक वाक्याँश लागू भएको मितिले तीस दिनभित्र जानकारी गराउनु पर्नेछ। | रहेका सिफारिसहरुको लगत कट्टा गर्न । |
| दफा १७ (१०) | यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगबाट संविधानको धारा १३२ को उपधारा (२) को खण्ड (ग) बमोजिम सिफारिस भई आएको विषयका सम्बन्धमा महान्यायाधिवक्ताले प्रचलित कानून बमोजिम मुद्दा चलाउन नमिल्ने भनी निर्णय गरेमा सोको कारण खुलाई महान्यायाधिवक्ताको कार्यालयले आयोगलाई जानकारी दिनु पर्नेछ। | आयोगबाट संविधानको धारा २४९ को उपधारा (२) को खण्ड (ग) बमोजिम सिफारिस भई आएको विषयका सम्बन्धमा महान्यायाधिवक्ताले अनिवार्य रुपमा प्रचलित कानून बमोजिम मुद्दा चलाई आयोगलाई सोको जानकारी दिनु पर्नेछ। | • आयोगको सिफारिस कार्यान्वयन गरी दोषीमाथि कारवाही हुने कुरा सुनिश्चित गर्न।<br>• अधिवक्ता ओमप्रकाश अर्यालसमेत विरुद्ध राष्ट्रिय मानव अधिकार आयोग समेत भएको रिट नम्बर ०६८-WS-००६३ को उत्प्रेषण समेतको रिटमा सर्वोच्च अदालतको पूर्ण इजलाशबाट फैसला हुँदा यो व्यवस्था अन्तरिम संविधानको धारा १३२(२) (क) सँग बाझिएको भनि निर्णय भएको।<br>• नेपालको संविधानको धारा २९३ अनुकुलको व्यवस्था ऐनमा समेत समावेश हुनु आवश्यक भएकोले। |
| दफा १७ पछि नयाँ दफा थप | दफा १७(क) थप | १७(क) आर्थिक व्यवस्थापनः (१) आयोगले वार्षिक रुपमा कार्य सम्पादन गर्न आवश्यक पर्ने रकम एकमुष्ठ नेपाल सरकारबाट प्राप्त गर्नेछ ।<br>(२) आयोगले नेपाल सरकार बाहेक दातृ निकायहरूसँग सम्झौता गरि आफ्ना योजनाहरु सम्पादन गर्न वैदेशिक सहायता लिई खर्च गर्न सक्नेछ। जसको जानकारी अर्थ मन्त्रालयलाई दिनु पर्नेछ।<br>(३) उपदफा (१) र (२) बमोजिम प्राप्त रकम आयोगले आफ्नो वार्षिक कार्ययोजना तयार गरी विनियोजन र खर्च गर्नेछ।<br>(४) उपदफा ३ बमोजिमको योजना र विनियोजित रकमको जानकारी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई गराउने छ।<br>५) आयोगले आफूले गरेको आयव्ययको विवरणको अभिलेख दुरुस्त राख्नेछ। आयोगबाट भएको आय व्ययको लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट गराउनेछ।<br>६) आयोगको आर्थिक व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | • आयोगलाई आर्थिक स्वायत्तता नभएको भनि ICC र अन्य संयुक्त राष्ट्रसंघिय समितिहरुले उठाई रहेको प्रश्नको स्थायी समाधान गरि आयोगलाई आर्थिक स्वायत्तता प्रदान गर्न।<br>• नेपालको संविधानको धारा २९३ अनुकुलको व्यवस्था ऐनमा समेत समावेश हुनु आवश्यक भएकोले। |
| दफा २१ | दफा २१ को उपदफा २ पछि उपदफा ३ र ४ थप | दफा २१ उपदफा (३) अवहेलनामा कारबाही गर्न सक्नेः आयोगले आफ्नो अवहेलनामा कारवाही चलाउन सक्नेछ। यसरी कारबाही चलाउँदा आयोगले आफ्नो अवहेलना | |

| | | | |
|---|---|---|---|
| | | भएको ठहर्याएमा विस हजार रूपैयाँ सम्म जरिवाना वा तिन महिनासम्म कैद वा वा दुवै सजाय गर्न सक्नेछ। त्यस्तो सजायको कार्यान्वयन आयोगको आदेश वमोजिम सम्वन्धित निकाय वा कार्यालयले गर्नु पर्नेछ।<br>उपदफा (४): उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि सम्वन्धित व्यक्ति वा निकायले आयोगलाई सन्तोष हुने गरि क्षमा याचना गरेमा आयोगले सजाय माफ गर्न, गराउन सक्नेछ। | |
| दफा २५ | पारिश्रमिक र सुविधाः अध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधा क्रमशः संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी प्रचलित कानूनवमोजिम प्रमुख पदाधिकारी र पदाधिकारीको सरह हुनेछ। | पारिश्रमिक र सुविधाः अध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधा क्रमशः सर्वोच्च अदालतका प्रधान न्यायाधीश र न्यायाधीशको पारिश्रमिक, सेवाको शर्त र सुविधा सरह हुनेछ । | • आयोगका अध्यक्ष सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश वा न्यायाधीश वा सो सरहको व्यक्ति रहने र सदस्यको हकमा सर्वोच्च अदालतको पूर्व न्यायाधीश वा सो सरहको व्यक्ति रहने व्यवस्था भएको एवं उमेरको हद समेत नभएको कारण यस प्रकारका विशिष्ट व्यक्तिहरुलाई आयोगमा नियुक्ति गर्न अवश्यक पर्ने भएको कारण पदाधिकारीहरुको उच्च स्तर रहने कुरालाई मध्यनजर राखी पारिश्रमिक, सेवाको शर्त र सुविधा निर्धारण गर्न उपयुक्त हुने।<br>• मानव अधिकार आयोग ऐन, २०५३ ले आयोगका अध्यक्ष र सदस्यहरुको पारिश्रमिक र सुविधा तोकिए बमोजिम हुने भन्दै सर्वोच्च अदालतका न्यायाधीशले पाउने भन्दा कम नहुने भनि व्यवस्था गरेको र आयोगलाई अन्तरिम संविधान २०६३ ले स्तरोन्नती गर्दै संवैधानिक निकायको रुपमा खडा गरेको अवस्थामा पुरानो ऐन खारेज गरी हाल भएको राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा भने पदाधिकारीहरुको मान सम्मान नै घट्ने गरी पारिश्रमिक र सेवा सुविधा घटाउन उपयुक्त नहुने।<br>• यसरी पारिश्रमिक, सेवाको शर्त र सुविधा निर्धारण नभएमा यस्ता उच्च व्यक्तित्वहरुले आयोगमा आउन इन्कार गर्ने सम्भावना हुने हुँदा पनि यस प्रकारको व्यवस्था राख्न आवश्यक देखिन्छ। |
| दफा २६(२) | २६(२) आयोगले आवश्यकता अनुसार अर्थ मन्त्रालयको परामर्शमा क्षेत्रीय कार्यालय, उपक्षेत्रीय कार्यालय वा सम्पर्क कार्यालय खोल्न सक्नेछ। | २६(२) आयोगले आवश्यकता अनुसार प्रादेशिक र आवश्यकता अनुसार सम्वन्धित प्रदेश भित्र अन्य कार्यालयहरू खोल्न सक्नेछ । | • प्रत्येक प्रदेशमा आयोगको उपस्थिति अनिवार्य हुन बाञ्छनीय भएकोले। |

| | | | |
|---|---|---|---|
| दफा २८(६) पछि थप | उपदफा (६) पछि उपदफा (७) थप | २८(७) कर्मचारीसम्बन्धी व्यवस्थाः (७) आयोगले आफ्नो कामको लागि आवश्यक पर्ने कर्मचारी तोकिएबमोजिम नियुक्त गर्न सक्नेछ र त्यसरी नियुक्त कर्मचारीहरुको सेवा, शर्त र सुविधा तोकिएबमोजिम हुनेछ। | • राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ मा कर्मचारी सम्बन्धी व्यवस्था नभएको तथा आयोगको आ.व. २०६८/०६९ को वार्षिक प्रतिवेदनले समेत सो विषयलाई समस्याको रुपमा औल्याई सकेको हुनाले। <br>• पेरिस सिद्धान्तबमोजिम आयोगलाई प्रशासनिक र कार्यगत स्वन्त्रता र स्वायत्तता प्रदान गर्न। |
| दफा ३२ | नियम, कार्यविधि र निर्देशिका बनाउने अधिकारः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आयोगले आवश्यक नियम बनाउन सक्नेछ। त्यस्तो नियममध्ये नेपाल सरकारलाई आर्थिक व्ययभार हुने विषय समावेश भएको नियम बनाउँदा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ। | नियम, कार्यविधि र निर्देशिका बनाउने अधिकारः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आयोगले आवश्यक नियम बनाउन सक्नेछ। त्यस्तो नियममध्ये नेपाल सरकारलाई आर्थिक व्ययभार हुने विषय समावेश भएको नियम बनाउँदा अर्थ मन्त्रालयसँग परामर्श गर्नु पर्नेछ। | • आयोगलाई आर्थिक स्वतन्त्रता र स्वायत्तता प्रदान गर्नु पर्ने र आयोगको स्तर निर्धारण गर्ने क्रममा यस दफालाई महत्व दिई उठाइएकोले त्यसको समाधान गर्न पनि संशोधन गर्नु पर्ने। |
| • आयोगले मुद्दा चलाउन सिफारिस गरेका विषयमा (सरकारी मुद्दासम्वन्धी ऐन, २०४९) को अनुसूची १ मा संशोधन गरी "राष्ट्रिय मानव अधिकार आयोगबाट मुद्दा चलाउन सिफारिस गरिएका मुद्दाहरू" भनी थप गर्नु पर्ने देखिन्छ। <br>• आयोगले सिफारिश गरेको विषयमा मुद्दा चलाउन जाहेरी दर्खास्त नपरेको भए अनिवार्य चलाउनु पर्ने व्यवस्था समेत समावेश गर्नुपर्ने देखिन्छ। | | | |

९. नेपाल सरकार नेपाली सेना जङ्गी अड्डा भद्रकाली समेतको लिखितजवाफः

द्वन्द्वकालिन प्रकृतिका घटनाहरुको सम्वोधन विशेष व्यवस्थाबाट हुने विश्वव्यापी मान्यता रही आएको छ। निवेदकले उठाएको नेपाली सेनाका व्यक्ति संलग्न भएको भनिएको घटना द्वन्द्वकालिन समयको नै भएकोले यस विषयको निराकरण पनि सोही अनुरुप विशेष व्यवस्था मार्फत नै हुनुपर्दछ। यसको लागि वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरोपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भई सो ऐन बमोजिम सत्य निरुपण तथा मेलमिलाप आयोग तथा वेपत्ता छानविन आयोग गठन भई त्यसले आफ्नो काम समेत प्रारम्भ गरिसकेको अवस्था छ। द्वन्द्वकालिन समयको मानव अधिकारको उल्लघँन सम्बन्धी घटनाको छानविन तथा मुद्दा दायरको क्षेत्राधिकार उक्त ऐन बमोजिम उल्लेखित आयोगहरुलाई दिइएको छ। निवेदकले उठाएको विषयको सम्बन्धमा पनि के कसो भएको हो र उक्त घटना मानव अधिकार उल्लङ्घन सम्बन्धी हो वा होइन यदी मानव अधिकारको उल्लघन सम्बन्धी हो भने को कसको संलग्नता रहेको छ वा छैन भन्ने सम्बन्धमा बेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोगले कानून बमोजिम अनुसन्धान गरी गरेको निर्णय बमोजिम यकिन गर्ने नै हुँदा आयोगको छानविन बिना नै सो विषयलाई लिएर अदालत प्रवेश गरिरहनु पर्ने अवस्था देखिदैन। साथै

राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयनको सम्बन्धमा यसअघि नै अधिवक्ता राजेन्द्र प्रसाद ढकाल विरुद्ध नेपाल सरकार गृह मन्त्रालय समेत भएको ने.का.प. २०६४ नि.नं. ७८१७ को मुद्दा लगायत सम्मानित अदालतबाट पटक पटक अन्य विभिन्न मुद्दाहरुमा फैसला/आदेश भई दिशानिर्देश भइसकेको छ। एकै प्रकृतिको विषयमा पटक पटक अदालतको समय बर्बाद पार्ने (रुमल्याई) वदनियतसाथ दायर गरिएको प्रस्तुत रिट निवेदन खारेजभागी छ। निवेदकको झुठ्ठा निवेदन दावी खारेज गरिपाऊँ भन्ने समेत बेहोराको नेपाल सरकार नेपाली सेना जङ्गी अड्डा भद्रकालीको लिखितजवाफ।

१०. सशस्त्र प्रहरी बल प्रधान कार्यालय हलचोक, काठमाडौंको लिखितजवाफः

रिट निवेदकले बुँदा नं. ३(१) मा कानूनी कारवाही सम्बन्धी निर्णय तथा सिफारिसहरुको (२) मा उल्लेख गरेका टोप बहादुर कार्की र निजका पिता भोज बहादुर कार्कीलाई घरमा सुतिरहेको अवस्थामा मिति २०५९/९/३० गते राती घर बाहिर निकाली कुटपिट गरी माओवादीको आरोप लगाई सुरक्षाकर्मीले गोली हानी हत्या गरेकोले उक्त घटनामा संलग्न का.मु. सशस्त्र प्रहरी नायव निरीक्षक धन वहादुर सिहधनलाई रक्षा मन्त्रालयले छानविन गर्न गठित बोर्डको राय बमोजिम केही सैनिक व्यक्तिहरुलाई कारवाही गरिएको र घटनामा संलग्न सशस्त्र सुरक्षाकर्मीलाई कानूनअनुरुप कारवाहीको लागि सशस्त्र प्रहरी बललाई सिफारिस पठाएकोले निज का.मु. सशस्त्र प्रहरी नायव निरीक्षक धन बहादुर सिहधनलाई सशस्त्र प्रहरी बल प्रधान कार्यालय कानून तथा अनुगमन शाखाको च.नं. ४० मिति २०६०/४/२६ गतेको पत्रले का.मु.सशस्त्र प्रहरी नायव निरीक्षकबाट सशस्त्र प्रहरी सहायक निरीक्षक पदमा घटुवा गरिएको हुँदा रिट निवेदनमा भने जस्तो सिफारिसअनुसार कानूनी कारवाही नभएको दावी आफैमा कपोकल्पीत भएकोले झुठ्ठा रिट निवेदन खारेज गरिपाऊँ। साथै नेपाल सरकार, सम्मानित आयोगबाट सङ्गठनलाई समयसमयमा दिएको निर्देशन तथा सिफारिस अक्षरसः पालन गर्दै आएको र आफ्नो मातहत कर्मचारीहरुबाट मानव अधिकारको उल्लङ्घन नहोस् भन्ने अभिप्रायले सङ्गठनमा केन्द्रिय मानव अधिकार सेल गठन गरी कार्यसम्पादन गर्दै आईरहेको छ। त्रिवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना आ.व. २०६७/०६८-२०६९/७० (तदानुसार २०१०/११-२०१२/१३) को प्रभावकारी कार्यान्वयन भईसकेको र चौथौं पञ्चवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना (आ.व.२०७१/०७२-२०७५/०७६) अनुरुप

कार्यहरु गर्ने योजना समेत रहेको हुँदा प्रस्तुत निवेदन खारेज गरिपाऊँ भन्ने समेत बेहोराको सशस्त्र प्रहरी बल प्रधान कार्यालय हलचोक, काठमाडौंको लिखितजवाफ।

## आदेश खण्ड

११. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसिल अध्ययन गरी रिट निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री लक्ष्मी पोखरेल र श्री काशीराम ढुङ्गानाले संवैधानिक अङ्गको रुपमा रहेको राष्ट्रिय मानव अधिकार आयोगले पेश गरेको सिफारिस तथा निर्णयहरुको प्रभावकारी कार्यान्वयन नभएको कारण मानव अधिकार उल्लङ्घनका पीडितहरुको संविधान र कानूनप्रदत्त न्यायको हकको प्रत्याभुती हुन सकेको छैन। संविधानको धारा २४९ सँग बेपत्ता छानविन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(३) बाझिएको छ। आयोगका सिफारिसहरु कार्यान्वयन भएका छैनन् र उक्त सिफारिस तथा निर्णयहरुको यथाशीघ्र रुपमा प्रभावकारी कार्यान्वयन गर्नू र गराउनूसमेत भनी विपक्षीहरुको नाममा परमादेश लगायतका उपयुक्त आदेश जारी गरी पाऊँ भनी प्रस्तुत गर्नुभएको बहस सुनियो।

१२. यसैगरी विपक्षी नेपाली सेना जङ्गी अड्डाको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री राजकुमार रञ्जितले द्वन्द्वकालिन समयमा भएका घटनाहरुको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेका कारवाहीका सिफारिसहरु नेपाली सेनाले कार्यान्वयन गर्दै आएको छ। मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनका लागि विभिन्न कार्यक्रमहरु पनि सञ्चालन गर्दै काम कारबाही गरी आएको अवस्थामा निवेदकको निवेदन खारेजभागी छ भनी प्रस्तुत गर्नुभएको बहस सुनियो।

१३. साथै अन्य विपक्षीहरुको तर्फबाट उपस्थित विद्वान उप-न्यायाधीवक्ता चन्द्र प्रसाद पोखरेलले संवैधानिक अंङ्गको रुपमा रहेको राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिस र निर्णयहरुको गम्भिरतालाई मध्यनजर गर्दै निर्णय तथा सिफारिसहरुको कार्यान्वयन हुँदै आएको छ। भविष्यमा पनि कार्यान्वयन गरिने छ। त्यसैले निवेदन मागदावी बमोजिमको अवस्था नरहेको हुँदा प्रस्तुत निवेदन खारेज गरिपाऊँ भनी प्रस्तुत गर्नुभएको बहससमेत सुनियो।

१४. यसमा नेपालको संविधानले राष्ट्रिय मानब अधिकार आयोगलाई मानव अधिकार उल्लङ्घन र त्यसको दुरुत्साहन तथा उल्लङ्घन सम्बन्धमा उजुरी लिने, छानविन तथा अनुसन्धान गर्ने र दोषी उपर कारवाही गर्न एवं पीडितलाई राहत क्षतिपूर्ति उपलब्ध गराउन सम्बन्धित

पदाधिकारी, व्यक्ति वा निकाय समक्ष सिफारिस गर्ने संवैधानिक कार्यदिश सुम्पिएको देखिन्छ।[1] आयोगको त्यस्तो सिफारिस, निर्णय वा निर्देशनको पालना नगर्ने नगराउने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा सार्वजनिक गर्ने समेतका कामकारवाही गरी मानव अधिकारको प्रभावकारी संरक्षण. संवर्द्धन गर्नु गराउनु पर्ने संवैधानिक दायित्व समेत आयोगलाई सुम्पिएको पाइन्छ।[2]आयोगले आफ्ना निर्णय तथा सिफारिस कार्यान्वयन गर्ने गराउने प्रभावकारी कानूनी कार्यदिश (legal mandate) नरहेको हुँदा मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनको लागि मुलतः निम्नानुसार आदेश जारी गरिपाऊँ भनी निवेदकले माग गरेको देखिन्छः

क. मानव अधिकार उल्लङ्घनको सम्बन्धमा गरेको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा सार्वजनिक गरी अभिलेखमा राख्ने व्यवस्था गर्ने।

ख. आयोगको निर्णय तथा सिफारिसहरुको कार्यान्वयनको स्पष्ट कार्ययोजना बनाई लागु गर्न नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई परमादेश जारी गरी प्रत्येक तीन तीन महिनामा कार्य प्रगति विवरण अदालत समक्ष पेश गर्ने।

ग. आयोगका सिफारिस, निर्णय तथा आदेश कार्यान्वयनका लागि आवश्यक पर्ने कानूनी तथा संरचनागत व्यवस्था गर्ने।

घ. आयोगको निर्णय तथा सिफारिसमा दोषी देखिएका व्यक्तिहरुलाई कुनै पनि सार्वजनिक पदमा नियुक्ति, बढुवा वा वैदेशिक तालिममा सहभागी नगर्ने नगराउने।

ङ. आयोगको सिफारिस सोझै कार्यान्वयन गर्न सम्वन्धित निकाय समक्ष लेखि पठाउने।

च. ओम प्रकाश अर्याल निवेदक भएको रिट नं. ०६८-WS-००६३ को उत्प्रेषण मुद्दामा यस अदालतबाट भएको आदेशअनुसार सरकारी मुद्दा सम्बन्धी ऐनमा संशोधन गरी राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरुको आधारमा फौजदारी जवाफदेहिता सुनिश्चित गर्ने।

छ. आफ्नो अवहेलनामा कारवाही गर्न सक्ने क्षेत्राधिकार उक्त राष्ट्रिय मानव अधिकार

[1] नेपालको संविधानको धारा २४९ (३) (घ)।

[2] ऐ. धारा २४९ (२) (ज)।

आयोगलाई दिन वाञ्छनीय भएकोले सोही बमोजिम आवश्यक र उपयुक्त आदेश जारी गर्ने।

ज. राष्ट्रिय मानव अधिकार आयोगको संविधानप्रदत्त क्षेत्राधिकारमा समेत प्रतिकूल हुने गरी राखिएको वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(३) लाई उत्प्रेषणको आदेशद्वारा बदर गरी जो चाहिने आदेश जारी गरिपाऊँ भन्ने निवेदन जिकिर समेत देखिन्छ।

१५. आफ्नो अवहेलनामा कारवाही गर्न सक्ने क्षेत्राधिकार संविधानतः अदालत बाहेक अन्य कुनै निकायमा नभएको, समयको परिवर्तन, राज्यको आवश्यकता अनुसार प्रचलित ऐनमा संशोधन, नयाँ ऐनको निर्माण व्यवस्थापिका संसदबाट विधि र प्रक्रिया बमोजिम हुने र बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(३) संविधानको धारा २४९ सँग बाझिएको भन्ने सम्बन्धमा सोको जाँच स्वतन्त्र निकाय सर्वोच्च अदालतको भएकोले व्यवस्थापिकालाई प्रत्यर्थी बनाउनु पर्ने आवश्यकता नभएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने विपक्षी व्यवस्थापिका संसदको लिखितजवाफ रहेको देखिन्छ। त्यस्तै आयोगबाट विभिन्न मितिमा प्रहरी प्रधान कार्यालयमा प्राप्त हुन आएका निवेदन, निर्णय एवं सिफारिसहरुको प्रभावकारी कार्यान्वयन गर्नका लागि तत्कालै सम्वन्धित प्रहरी कार्यालयहरुलाई निर्देशन दिने गर्दै आएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने प्रहरी प्रधान कार्यालयको लिखितजवाफ रहेको देखिन्छ।

१६. त्यसैगरी सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या र प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्ने गराउने कार्य महान्यायाधिवक्ताले गरिआएको अवस्था हुँदाहुँदै आदेश कार्यान्वयन गराउन कुनै पहल नगरेको भनी उठाइएको विषय निराधार रहेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने महान्यायाधिवक्ता कार्यालयको लिखितजवाफ रहेको देखिन्छ। राष्ट्रिय मानव अधिकार आयोगले संविधान एवं प्रचलित नेपाल कानूनबमोजिम यस मन्त्रालयलाई दिएका निर्देशन र सिफारिसहरु कार्यान्वयन गर्न मन्त्रालय प्रतिबद्ध रहेको र वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३ को उपदफा (३) ले सशस्त्र द्वन्द्वको क्रममा भएका घटनाको छानविन गर्ने कुरा उल्लेख गरेको छ। विल्कुलै भिन्न अवस्था विद्यमान रहेको सन्दर्भमा मानव अधिकार आयोगले

मानव अधिकार उल्लङ्घनकर्ताको अभिलेख राख्ने र ऐनले छानविन गर्ने विषय अलगअलग भएकोले यी दुई विषय एक अर्कामा बाझिएको भन्न मिल्ने नभएकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने कानून न्याय तथा संसदिय मामिला मन्त्रालयको लिखितजवाफ देखिन्छ।

१७. राष्ट्रिय मानव अधिकार आयोगद्वारा नेपाल सरकारसमक्ष गरिएको सिफारिसहरुको कार्यान्वयन स्थिति विषयक एक अध्ययनले वि.सं. २०५८-०७० सम्म आयोगबाट गरिएका ७७६ वटा सिफारिसहरु मध्ये ११८ वटा पूर्ण कार्यान्वयन भएका, ४६९ सिफारिसहरु आंशिक कार्यान्वयन भएका, ५८ कार्यान्वयनको क्रममा रहेको देखाएको हुँदा आयोगको सिफारिसहरुको प्रभावकारी कार्यान्वयन गर्ने विषयलाई नेपाल सरकारले गम्भीर रुपमा लिएको छ र उपलब्ध आर्थिक स्रोत र साधनले भ्याएसम्म कार्यान्वयन गरिरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने मन्त्रिपरिषद् एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखितजवाफ रहेको देखिन्छ। आयोगले आफुले गरेका सिफारिसहरू कार्यान्वयन गर्नको लागि सबै सिफारिसहरु नेपाल सरकार समक्ष पठाउँदै आएको, सरोकारवालाहरूको जानकारीको लागि आयोगबाट ती सिफारिसहरूको कार्यान्वयन अवस्था बारे तीन पटक कार्यान्वयन अवस्था समेत प्रकाशित गरेको, नीतिगत सिफारिसको कार्यान्वयनको लागि पनि सरकारलाई लिखित पत्राचार गरि कार्यान्वयन अवस्था र जानकारीको लागि प्रकाशित गरेको, आयोगबाट भएका सिफारिसहरू कार्यान्वयन नगर्ने व्यक्ति वा संस्था वा निकायको नाम सार्वजनिक गर्नका लागि आवश्यक निर्देशिका तथा कार्यविधि बनाई नाम सार्वजनिक गर्ने रणनीति लिएको र सो बमोजिमको लक्ष्य प्राप्त गर्न आयोग तत्परताका साथ क्रियाशील रहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने राष्ट्रिय मानब अधिकार आयोगको लिखितजवाफ देखिन्छ।

१८. द्वन्द्वकालिन समयको मानव अधिकारको उल्लङ्घनसम्बन्धी घटनाको छानविन तथा मुद्दा दायरको क्षेत्राधिकार बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन,२०७१ बमोजिम आयोगहरुलाई दिइएको वेपत्ता पारिएका व्यक्तिहरुको छानविन सम्बन्धमा आयोगले कानूनबमोजिम अनुसन्धान गरीरहेको, उक्त आयोगका निर्णयबमोजिम त्यस्ता उल्लङ्घनका घटनाहरु यकिन हुने नै हुँदा आयोगको छानविन बिना नै सो विषयलाई लिएर अदालत प्रवेश गरिरहनु पर्ने अवस्था नभएकोले प्रस्तुत रिट खारेज गरिपाऊँ भन्ने नेपाल सरकार, नेपाली सेना, जङ्गी अड्डा भद्रकाली समेतको लिखितजवाफ तथा नेपाल सरकार,

सम्मानित आयोगबाट सङ्गठनलाई समय समयमा दिएको निर्देशन तथा सिफारिस अक्षरसः पालन गर्दै आएको र आफ्नो मातहत कर्मचारीहरुबाट मानव अधिकारको उल्लङ्घन नहोस भन्ने अभिप्रायले सङ्गठनमा केन्द्रिय मानव अधिकार सेल गठन गरी कार्यसम्पादन गर्दै आईरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने सशस्त्र प्रहरी बलको लिखितजवाफ रहेको देखिन्छ।

१९. प्रस्तुत निवेदनको मिसिल अध्ययन गरी रिट निवेदक तथा प्रत्यर्थी तर्फका विद्वान कानून व्यवसायी तथा विद्वान उपन्यायाधिवक्ताको बहससमेत सुनी निर्णयतर्फ विचार गर्दा निम्न प्रश्नहरुको निरुपण गरी आदेश गर्नुपर्ने देखियोः

१. निवेदकको जिकिरअनुसार बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(३) संविधानको धारा २४९ बाझिएको छ वा छैन?

२. राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरुको प्रकृति के-कस्तो हो? आयोगबाट भएका सिफारिसहरुको कार्यान्वयनका सम्बन्धमा के-कस्ता कानूनी प्रावधानहरु रहेका छन् ?

३. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७ बमोजिम मानव अधिकर उल्लङ्घनको सम्बन्धमा आयोगले गरेको सिफारिस, आदेश वा निर्देशनको जानी-जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा सार्वजनिकरण गर्ने र अभिलेखमा राख्ने व्यवस्थाको उद्देश्य र प्रकृति के-कस्तो हो?

४. राष्ट्रिय मानव अधिकार आयोगलाई संविधानबमोजिमको मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने दायित्व निर्वाह गर्न आफ्नो अवहेलना तथा मानहानी गरेकोमा कारवाही गर्ने अधिकारको आवश्यकता पर्दछ वा पर्दैन?

५. निवेदकको माग बमोजिम रिट जारी हुने हो वा होइन?

२०. पहिलो प्रश्न बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(३) संविधानको धारा २४९ बाझिएको छ वा छैन भन्ने सम्बन्धमा

विचार गर्दा, यसमा सर्वप्रथम संविधानको धारा २४९ अन्तर्गत रहेको राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार तथा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगको काम, कर्तव्य तथा अधिकारमा उल्लेख भएका व्यवस्थाहरुलाई तुलना गरी हेर्नुपर्ने देखियो। त्यस्तै राष्ट्रिय मानव अधिकार आयोग र सत्य निरुपण तथा बेपत्ता आयोगहरुको उद्देश्यहरुलाई पनि हेर्नुपर्ने देखियो।

२१. मानिसको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधानप्रदत्त मौलिक तथा संवैधानिक हकहरु, नेपालका राष्ट्रिय कानूनबमोजिमका कानूनी हकहरु तथा नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरूले प्रदान गरेका अधिकारहरूलाई कानूनतः वृहद रुपमा मानव अधिकार मान्नु पर्ने देखिन्छ। मानव अधिकारको अवधारणा मानिसका नागरिक तथा राजनितिक हकमा (civil and political rights) मात्र सिमित नभई यसले आर्थिक, सामाजिक तथा सांस्कृतिक हक (economic , social and cultural rights) का साथै केही सामुहिक प्रकृतिका अधिकार (collective rights) लाई समेत समाहित गरेको पाइन्छ। मानव अधिकार भन्ने शब्दहरुले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरेका अधिकार र नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकारसमेतलाई जनाउने देखिन्छ।[३] मानव अधिकारहरुको सम्मान, संरक्षण, सवर्द्धनको सुनिश्चितताको लागि संस्थागत संरचनाको निर्माणअन्तर्गत नेपालको संविधानमा नै राष्ट्रिय मानव अधिकार आयोगको[४] व्यवस्था गरि सोको काम, कर्तव्य र अधिकार[५] समेत उल्लेख भएको पाइन्छ। यदी कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएको जानकारी राष्ट्रिय मानव अधिकार आयोगलाई प्राप्त भएमा आयोगले छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न[६] तथा मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा उदासिनता देखाएमा त्यस्तो पदाधिकारी

[३] राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ दफा २(च)।

[४] नेपालको संविधानको धारा २४८।

[५] ऐ. धारा २४९।

[६] ऐ. धारा २४९(२)(क)।

उपर विभागीय कारबाही गर्न[7] तथा सजाय गर्न आधार र कारण[8] सहित सम्बन्धित अधिकारीसमक्ष सिफारिस गरी आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस समेत गर्न सक्ने[9] देखिन्छ। साथै मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने[10] तथा मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गरी त्यसमा गर्नुपर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने[11] र मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने[12], मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानूनबमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्ने[13] जस्ता कार्यहरु आयोगबाट हुने देखिन्छ। मानव अधिकारको प्रभावकारी कार्यान्वयन एवं संरक्षण र संवर्द्धन गर्ने सम्बन्धमा स्वतन्त्र र स्वायत्त निकायको रुपमा राष्ट्रिय मानव अधिकार आयोगको स्थापनार्थ मानव अधिकार आयोग ऐन, २०५३ जारी भएकोमा विधायिकी कानूनद्वारा निसृत आयोगको कार्यदिशलाई संवैधानिकिकरण गर्दै नेपालको अन्तरिम संविधान, २०६३[14] ले मानव अधिकार आयोगलाई संवैधानिक निकायको रुपमा संविधानप्रदत्त अधिकार र दायित्व सहितको कार्यदिश प्रदान गरिएको देखिन्छ।

२२. उल्लिखित कार्यहरु सम्पादन गर्नको लागि राष्ट्रिय मानव अधिकार आयोगले संविधानद्वारा प्राप्त गरेको अधिकारको प्रयोग गरी कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराउन वा बयान

---

[7] ऐ. धारा २४९(२)(ख)।
[8] ऐ. धारा २४९(२)(ङ)।
[9] ऐ. धारा २४९(२)(ग)।
[10] ऐ. धारा २४९(२)(घ)।
[11] ऐ. धारा २४९(२)(च)।
[12] ऐ. धारा २४९(२)(छ)।
[13] ऐ. धारा २४९(२)(ज)।
[14] नेपालको अन्तरिम संविधान, २०६३, धारा १३१,१३२।

लिन वा बकपत्र गराउन, प्रमाण बुझ्न, दशी प्रमाण दाखिला गर्न लगाउन लगायत अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्ने देखिन्छ।[१५] आयोगले मानव अधिकारको गम्भीर उल्लङ्घन हुन लागेको वा भइसकेको सूचना प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिँदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिन सक्ने देखिन्छ।[१६] साथै तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने[१७] तथा मानव अधिकारको उल्लङ्घनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिने[१८] सम्मको अधिकार आयोगलाई रहेको देखिन्छ। यसरी नेपालको संविधानले मानव अधिकार आयोगलाई सुम्पिएको काम, कर्तव्य र अधिकारको पालना गर्ने कार्यमा थप स्पष्ट पार्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ समेत जारी भएको देखिन्छ।

२३. नेपालमा आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक परिवर्तनसमेतका बिषयबस्तुलाई समेत लिएर २०५२ साल फाल्गुण १ गतेदेखि सशस्त्र द्वन्द्वको थालनी भएको र उक्त सशस्त्र द्वन्द्वबाट ठुलो मात्रामा मानवीय तथा भौतिक क्षति भई द्वन्द्वबाट हजारौं मानिस बेपत्ता भई लाखौं मानिसहरु प्रत्यक्षपरोक्ष रुपमा प्रभावित भएको पाइन्छ।[१९] वि.स. २०५२ सालदेखि २०६३ सालसम्म भएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी मुलुकमा दिगो शान्ति कायम गर्ने उद्देश्यले नेपाल सरकार र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच मिति २०६३ साल मंसिर ५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न भई नेपालको अन्तरिम संविधान, २०६३ र विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी घटनाबाट पीडित

---

[१५] नेपालको संविधान, धारा २४९(३)(क)।

[१६] ऐ. धारा २४९(३)(ख)।

[१७] ऐ. धारा २४९(३)(ग)।

[१८] ऐ. धारा २४९(३)(घ)।

[१९] परिचय — बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग (ciedp.gov.np) https://ciedp.gov.np/%E0%A4%AA%E0%A4%B0%E0%A4%BF%E0%A4%9A%E0%A4%AF/ साभार मिति २०८०/९/४।

व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्नको लागि बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भएको देखिन्छ।[२०] उल्लिखित उद्देश्य प्राप्तिका लागि ऐनको दफा १३ मा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग वा सत्य निरुपण तथा मेलमिलाप आयोगका काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाहरु उल्लेख भएको पाइन्छ। उक्त आयोगहरुको काम, कर्तव्य र अधिकारहरुमा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने, पीडित तथा पीडकको यकिन गर्ने, पीडक र पीडित बीच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने, पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने, मेलमिलाप नभएका तथा क्षमादानमा नपरेंका पीडकलाई कारवाहीको लागि सिफारिस गर्ने, पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानबिन पछिको जानकारी उपलब्ध गराउने भन्ने देखिन्छ। त्यस्तै उक्त आयोगले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सशस्त्र द्वन्दको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा विचाराधीन मुद्दाहरु सम्बन्धित अदालत तथा निकायसँगको परामर्शमा आयोगले छानविन गर्ने, *सशस्त्र द्वन्दको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न निकायमा विचाराधीन उजुरीहरु आयोगले छानविन गर्ने,* कुनै घटना शसस्त्र द्वन्द्रको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय गर्ने, ऐन बमोजिम बेपत्ता पारिएका व्यक्तिका सम्वन्धमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी अन्य घटनाका सम्बन्धमा सत्य निरुपण तथा मेलमिलाप आयोगले छानविन गर्ने,मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन गर्दा पीडित वा निजको तर्फबाट कसैले आयोग समक्ष उजुरी दिएमा,आयोगलाई कुनै स्रोतबाट जानकारी प्राप्त भएमा,आयोगले छानविन गर्न उपयुक्त सम्झेका आधारमा प्रकृया अघि बढाउन सक्ने देखिन्छ। त्यस्तै आयोगमा उजुरी दिने कार्यमा बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई सहजता प्रदान गर्न आयोगले छुट्टै व्यवस्था गर्न सक्ने र आयोग समक्ष उजुरी दिने कार्यविधिसम्वन्धी व्यवस्था तोकिएबमोजिम

[२०] बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१, प्रस्तावना।

हुने भन्ने देखिन्छ।

२४. नेपाल द्वन्द्व र शान्तिको एक विशिष्ट अवस्थाबाट गुज्रिएकोले नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच भएको विस्तृत शान्ति सम्झौतामा द्वन्दकालमा भएका गम्भीर मानव अधिकार उल्लङ्घनका विषयमा उक्त सम्झौताको धारा ५.२.४ मा "दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरुको लागि राहतकार्य र पुनर्स्थापना गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग गठन गर्न र त्यसमार्फत् यससम्बन्धी काम अगाडि बढाउन सहमत छन्" भन्ने प्रावधान उल्लेख भएको देखिन्छ। नेपालको अन्तरिम संविधान, २०६३ को राज्यको दायित्व अन्तर्गत् धारा ३३(ध) मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा सङ्लग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने भन्ने प्रावधान उल्लेख भएको देखिन्छ। सोही अनुसार बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भएको पाइन्छ। यसरी सशस्त्र द्वन्द्वको बेलामा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरुलाई विशेष रुपले सम्बोधन गर्न सङ्क्रमणकालीन न्यायको प्रयोजनका लागि सत्यतथ्य पत्ता लगाई सोको सार्वजनिक गर्ने, मानव अधिकार उल्लङ्घनमा संलग्न व्यक्तिलाई कानूनी दायरामा ल्याउने तथा पीडितलाई परिपुरण प्रदान गरी न्यायको महसुस गराउने प्रयोजनार्थ दुई छुट्टाछुट्टै आयोगको गठन गर्ने प्रावधान रहेको पाइन्छ।

२५. नेपालको संविधानको धारा ३०४(२) मा नेपालको अन्तरिम संविधान, २०६३ बमोजिमका शान्ति प्रक्रिया सम्बन्धी कार्यहरू यसै संविधान बमोजिम भए गरेको मानिनेछ भन्ने व्यवस्था पाइन्छ। संविधानमा दिर्घकालिन उद्देश्य अन्तर्गत स्थायी प्रकृतिको संरचनात्मक व्यवस्था भएको मानव अधिकार आयोगसम्बन्धी प्रावधानअन्तर्गत परेका उजुरीहरुको सम्बन्धमा विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान र नेपालको संविधानले परिकल्पना गरेका अल्पकालिन व्यवस्थाअनुसार भएका प्रावधानहरुलाई संविधानसँग बाझिएको दृष्टिकोणबाट हेरिनु हुँदैन। अस्थायी प्रावधानहरु निश्चित उद्देश्य पुरा गर्न उल्लिखित हुन्छन्। त्यस्ता अस्थायी प्रकृतिका प्रावधानहरुको उद्देश्यमुलक व्याख्या (purposeful interpretation) गरिनु पर्दछ।

कथमकदाचित अल्पकालिन र निश्चित उद्देश्य भएका प्रावधानहरुको कार्यान्वयन वा प्रभावकारी कार्यान्वयन नभएमा दिर्घकालिन वा नियमित प्रावधान स्वत आकर्षित हुन्छन्। यस सम्बन्धमा यस अदालतबाट संविधानका प्रावधानअन्तर्गत स्थापित अदालतहरुमा चलेका मुद्दाहरु अस्थायी प्रकृतिका ऐनद्वारा स्थापित अर्धन्यायिक प्रकृतिका आयोगहरुमा सर्न नसक्ने भन्ने निर्णय भएको[२१] भएतापनि संविधान र ऐनद्वारा स्थापित राष्ट्रिय मानव अधिकार आयोग अदालत वा न्यायिक निकाय नभई एक अर्धन्यायिक प्रकृतिको निकाय भएको हुदा सशस्त्र द्वन्द्वकालका घटनाका उजुरीहरु सोही प्रयोजनका लागि बनाएका आयोगहरुमा सर्न नसक्ने भन्ने देखिँदैन। बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ ले मानव अधिकार उल्लङ्घनका एक विशेष समयका घटनाहरुलाई विशिष्ट प्रावधान अनुसार सम्बोधन गर्ने व्यवस्थासम्म गरेको हो। उक्त आयोगहरु गठन गर्ने कानूनी व्यवस्था सम्बन्धमा यस अदालतबाट समेत विभिन्न समयमा आदेशहरु जारी भई सम्बन्धित कानून र आयोगका मापदण्डहरुको बारेमा बोलेको पाइन्छ।[२२]उक्त परिवेशमा यदि यस अदालतबाट आदेश भएअनुसार ऐनमा संशोधन भएमा वा त्यस्ता आयोगहरु सक्षम र स्वतन्त्र छन भन्ने निष्कर्षमा

---

[२१] केशव राई वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत, उत्प्रेषणसमेत ०६७-WO-०५३२, फैसला मिति २०७२/१२/०२।

[२२] *रविन्द्रप्रसाद ढकाल समेत वि. नेपाल सरकार गृहमन्त्रालय सिंहदरबार समेत, नेकाप २०६४ अंक २, नि.नं. ७८१७* (यसमा विशेष इजलासबाट बेपत्ता पारिएको व्यक्तिहरूको संरक्षण सम्बन्धी ऐन, बेपत्ता पारिएको कारण र अवस्थावारे जाँचबुझ आयोगको व्यवस्था कानूनबाटै गरी व्यापक रुपमा छानविन गर्न अधिकार सम्पन्न उपयुक्त आयोग गठन गर्ने... सम्बन्धमा नेपाल सरकारको नाममा निर्देशात्मक आदेश जारी गरिएको थियो।), *माधवकुमार बस्नेतसमेत वि. सम्माननीय अध्यक्ष, नेपाल सरकार, अन्तरिम चुनावी मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत, नेकाप २०७०, अंक ९, नि.नं. ९०५१* (यसमा विशेष इजलासबाट बेपत्ता भएका व्यक्तिको छानबीन, सत्यनिरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०६९ का केही प्रावधानहरुलाई संविधान र न्यायको सिद्धान्त सङ्गत बनाउन आवश्यक संशोधन र सुधार गर्न परमादेश जारी भएको।) *सुमन अधिकारीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत नेकाप २०७१, अंक १२, नि.नं. ९३०३* (यसमा विशेष इजलासबाट बेपत्ता भएका व्यक्तिको छानबीन, सत्यनिरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७१ को दफा २६(२) मा रहेको गम्भिर प्रकृतिको अपराधमा समेत क्षमादान दिन सकिने गरि गरिएको व्यवस्था र दफा २९(१) मा रहेको आयोगले नेपाल सरकारमार्फत मात्र महान्यायाधिवक्तालाई मुद्दा चलाउन लेखी पठाउने कानूनी व्यवस्था बदर गरिएको थियो।)

राष्ट्रिय मानव अधिकार आयोग पुगेमा राष्ट्रिय मानव अधिकार आयोगमा भएका द्वन्द्वकालीन मानव अधिकार उल्लङ्घनका घटनासँग सम्बन्धित उजुरीहरु सम्बन्धित आयोगहरुमा सरी जान सक्ने नै देखिन्छ। यसकारण बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ ले गरेको व्यवस्था राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्राधिकारसँग बाझिने गरी बनाइएको भन्ने दृष्टीकोणबाट हेरिनु हुँदैन। यी प्रावधानहरु एक अर्काका परिपुरक हुन र एक सक्रिय नभएमा अर्को सक्रिय हुन सक्छ भन्ने मान्यताबाट हेरिनु पर्दछ। तसर्थ, यस परिप्रेक्षमा उक्त ऐनको दफा १३(३) संविधानको धारा २४९ सँग बाझिएको भनी व्याख्या गर्न मिल्ने देखिँदैन।

२६. पेरिस सिद्दान्तको **Additional principles concerning the status of commissions with quasi-jurisdictional competence** मा *"Hearing any complaints or petitions or transmitting them to any other competent authority within the limits prescribed by the law*[२३]" भन्ने सैद्धान्तिक अवधारणाको व्यवस्था भएकाले द्वन्द्वकालिन मानव अधिकार उल्लङ्घनका घटनासँग सम्बन्धित सङ्क्रमणकालिन न्याय निरुपणका लागि विशिष्टिकृत उद्देश्यका साथ स्थापित आयोगहरुमा राष्ट्रिय मानव अधिकार आयोगमा रहेका द्वन्द्वकालिन मानव अधिकार उल्लङ्घनका घटनाका सम्बन्धमा परेका उजुरीहरु सरेर जाँदा राष्ट्रिय मानव अधिकार आयोगको कार्यदिशको वर्खिलाफ हुने देखिँदैन।

२७. यसैगरी संविधानको धारा २४९ ले राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको र उक्त धाराको उपधारा (२) को खण्ड (ज) मा मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायका नाम कानूनबमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा अभिलेख राख्ने व्यवस्था गरेको पाइन्छ भने बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(३) मा सशस्त्र द्वन्द्वको क्रममा भएका घटनाको छानविन गर्ने कुरा उल्लेख भएको पाइन्छ। यी व्यवस्थाहरु विल्कुलै भिन्न अवस्थालाई सम्बोधन गर्ने प्रावधान रहेको तथा मानव अधिकार आयोगले मानव अधिकार उल्लङ्घनकर्ताको अभिलेख राख्ने र बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग

[२३] Paris Principle, 1993, UN General Assembly Resolution 48/134.

ऐन, २०७१ ले छानविन गर्ने विषय अलगअलग भएकोले यी दुई विषय एक अर्कामा बाझिएको भन्न मिल्ने देखिँदैन। बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को मुख्य उद्देश्य भनेको सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्दको अपराधसम्बन्धी घटना र त्यस्तो घटनामा सङ्लग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउनु, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्नु, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था गर्नु, गम्भीर अपराधमा सङ्लग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्नु रहेको देखिन्छ। सशस्त्र द्वन्द्वमा घटेका घटनाहरुको अन्वेषण तथा छानविन गरी सङ्क्रमणकालिन न्यायका मूलभूत मान्यताअनुरुप द्वन्द्वको दिगो व्यवस्थापन तथा पीडितलाई न्याय दिलाउन यस प्रकारका संरचनाहरुको निर्माण गर्ने अभ्यास विश्वका अन्य मुलुकहरुमा समेत रहेको पाइन्छ।[२४] सोही मान्यताअनुरुप नै उक्त ऐनको दफा १३ को उपदफा (३) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न निकायमा विचाराधीन उजुरीहरु आयोगले छानविन गर्नेछ भन्ने व्यवस्था गरिएको हुँदा उक्त व्यवस्था नेपालको संविधानको धारा २४९ मा रहेको राष्ट्रिय मानव अधिकार आयोगको काम कर्तव्य र अधिकारसँग बाझियो भन्ने जिकिर तर्कसंगत देखिदैन। **तसर्थ, निश्चित समयका लागी, पूर्वनिर्धारित निश्चित कायदिशका साथ स्थापना गरिएका बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगले दीर्घकालीन संवैधानिक कार्यदिश तथा वृहद् क्षेत्राधिकार भएको राष्ट्रिय मानव अधिकार आयोगको अधिकारलाई सङ्कुचित पारेको भनी मान्न मिल्ने देखिँदैन।**

२८. दोस्रो प्रश्न राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरुको प्रकृति के-कस्तो हो? आयोगबाट

[२४] उदाहरणार्थ: South African Truth and Reconciliation Commission (TRC), (1995-2002), National Commission on the Disappeared Argentina (1983 – 1984), National Commission for Truth and Reconciliation Chile/ Rettig Commission ( 1990-91), Truth and Reconciliation Commission Peru(2001-2003), Truth and Reconciliation Commission, DRC(2003 – 2007). यसैगरि विभिन्न ३७ देशहरुमा सङ्क्रमणकालीन न्यायका लागि ५३ वटा सत्य निरुपण आयोगको व्यवस्था गरिएको पाइन्छ, थप जानकारीका लागी हेर्नुहोस: Tricia D Olsen et. al, *Transitional justice in the world, 1970-2007: Insights from a new dataset*, 47:6 Journal of Peace Research,803-809(November 2010) available at: https://www.jstor.org/stable/20798965.

भएका सिफारिसहरुको कार्यान्वयनका सम्बन्धमा के-कस्ता कानूनी प्रावधानहरु रहेका छन्? भन्ने सम्बन्धमा विचार गर्दा सर्वप्रथम मानव अधिकार आयोगबाट भएका सिफारिसहरु कुन प्रक्रियाबाट निर्णय भई सिफारिसहरु गरिएका हुन्छन् भनी हेरिनु पर्ने देखिन्छ। मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र पालना गर्नु राज्यको प्राथमिक दायित्व मानिन्छ। राज्यबाट मानव अधिकारको यथोचित रुपमा सम्मान, संरक्षण, संवर्द्धन हुन नसकेको अवस्थामा मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र पालना तथा त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नको लागि राष्ट्रिय मानव अधिकार आयोगको संविधानतः स्थापना भएको पाइन्छ। राज्यले मानव अधिकारको सम्मान संरक्षण र संवर्द्धन सन्तोषजनक रूपमा निर्वाह नगरेको अवस्थामा आयोग संविधान र ऐनमा उल्लिखित कार्यादेशभित्र रही राज्यलाई सजग र उत्तरदायी बनाउन प्रयत्नशील रहनुपर्दछ। मानव अधिकारको संरक्षण अन्तर्गत आयोगले उजुरी ग्रहण गर्ने, अनुगमन गर्ने, उजुरीमाथि छानविन, अनुसन्धान गर्ने, मानव अधिकार उल्लङ्घनका दोषीउपर कारबाही तथा मुद्दा चलाउन सिफारिसलगायतका कार्यहरूको कार्यादेश भएको पाइन्छ। यसरी, आयोगले संवैधानिक कार्यादेशबमोजिम आफ्नो कार्यसम्पादनको शिलशिलामा मानव अधिकार उल्लङ्घनकर्ताहरुलाई उत्तरदायी बनाउनका लागी गर्ने कार्यहरु सिफारिसजन्य प्रकृतिका रहेकोमा मानव अधिकार आयोगबाट भएका सिफारिसहरुको कार्यान्वयनको दायित्व भने कानूनतः सम्बन्धित निकायमा नै रहने देखिन्छ।[२५]

२९. संविधानले नै परिकल्पना गरी गठित राष्ट्रिय मानव अधिकार आयोगको आफ्नै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ तथा राष्ट्रिय मानव अधिकार आयोग उजुरी तथा कारवाही सम्बन्धी निर्देशिका, २०६९ रहेको देखिन्छ। राष्ट्रिय मानव अधिकार आयोगसमक्ष पर्ने उजुरीहरुको कारवाही प्रक्रिया निर्धारण गरी उजुरी व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन समेत उक्त निर्देशिका जारी भएको देखिन्छ। यसरी संविधान, ऐन, कानून, नियमावली तथा निर्देशिका समेतबाट निर्धारण भएका प्रक्रियाहरु पुरा गरी भएको अनुसन्धान, छानविनबाट प्राप्त निष्कर्ष सहितको सम्पूर्ण सिफारिसहरुको कार्यान्वयन अवस्था हेर्दा हाल १५.३ प्रतिशत पूर्ण र ३९.२ प्रतिशत आंशिक र ४५.५ प्रतिशत सिफारिस कार्यान्वयन हुन बाँकी रहेको

---

[२५] राष्ट्रिय मानअधिकार आयोग ऐन, दफा १७।

देखिन्छ।[२६] यो अवस्थालाई आयोगको सिफारिसहरुको कार्यान्वयनको सन्तोषजनक अवस्थाका रुपमा लिन सक्ने देखिदैन। यसरी आयोगबाट विधि तथा प्रक्रिया पुरा गरी भएका निर्णय बमोजिमका सिफारिसहरुको कार्यान्वयनको अवस्था विचारणीय देखिन्छ।

३०. नेपालको संविधानको धारा २४९(२)(क) मा कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफैं वा निजको तर्फबाट कसैले आयोगसमक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने भन्ने व्यवस्था रहेको पाइन्छ। यसै गरी राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १०(१) मा मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा पीडित व्यक्ति आफैंले वा निजको तर्फबाट कसैले आयोगसमक्ष उजुरी दिन सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ। राष्ट्रिय मानव अधिकार आयोग उजुरी तथा कारवाही सम्वन्धी निर्देशिका, २०६९ को दफा ४ मा उजुरी दर्ता, तथा कारवाही र राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम ३ मा समेत उजुरी दिन सक्ने भनी सोको कार्यविधि निर्धारण गरिएको देखिन्छ।

३१. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ मा आयोगको सिफारिस, निर्णय वा आदेशको कार्यान्वयनसम्बन्धी व्यवस्था गरी सो सम्बन्धमा सिफारिस, निर्णय वा आदेशको कार्यान्वयनका लागि सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकाय समक्ष लेखी पठाउने, कार्यान्वयनको लागि लेखी आएमा तीन महिनाभित्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिने, कार्यान्वयन गर्न अप्ठ्यारो भएमा सोको कारण खुलाई जानकारी आयोग समक्ष पठाउने, आयोगले पुनः विचार गरी पुनः निर्णय कार्यान्वयनको लागि सिफारिस गर्ने, पुनः निर्णय भई कार्यान्वयनको लागि लेखी आएमा यथाशीघ्र कार्यान्वयन गर्ने, पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने, विभागीय वा अन्य कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने तथा मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिसका आधारमा नाम सार्वजनिक भएका पदाधिकारी वा व्यक्तिलाई सो मितिबाट तीन वर्षसम्म नियुक्ति, बढुवा एवं वैदेशिक तालिममा सहभागी नगर्न सम्बन्धित निकायमा लेखी पठाउने लगायतका व्यवस्थाहरु भएको देखिन्छ।

---

[२६] राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन (संक्षिप्त) आ.व. २०७८-२०७९, पेज नं. १७।

३२. यसैगरी राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारवाही तथा क्षतिपुर्ति निर्धारण) नियमावली, २०६९ को नियम १८ मा आयोगको सिफारिस, आदेश वा निर्णय कार्यान्वयन गर्नुपर्ने भनी उल्लेख भएको पाइन्छ। यस सम्बन्धमा दोषी उपर कानूनी कारबाही गर्ने, कारबाही गर्न नमिल्ने भए सोको कारण सहित तीन महिनाभित्र आयोगलाई प्रतिवेदन सहितको जानकारी पठाउन, पीडितलाई क्षतिपूर्ति भराई दिने, मेलमिलापको कागजमा तोकिएको म्याद भित्र शर्त पुरा गरी आयोगलाई जानकारी दिने तथा पक्षले शर्त पुरा नगरेमा आयोगले छानविन तथा अनुसन्धानको प्रक्रियालाई कायमै राखी कारवाही अगाडि बढाउने भन्ने व्यवस्था रहेको पाइन्छ।

३३. संवैधानिक आयोगको रुपमा रहेको राष्ट्रिय मानव अधिकार आयोगबाट निर्णय भएको मितिले १५ दिनभित्र नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समक्ष कार्यान्वयनको लागि लेखी पठाई[२७] निर्णय प्राप्त भएको मितिले ३ महिनाभित्र सम्बन्धित निकायले निर्णय कार्यान्वयन गर्नु पर्ने[२८] र निर्णय कार्यान्वयन गर्न नसकिएमा सोको कारण खुलाई प्राप्त भएको मितिले २ महिनाभित्र आयोगलाई जानकारी पठाउनु पर्ने व्यवस्था रहेको देखिन्छ।[२९] आयोगको निर्णय\सिफारिसको कार्यान्वयन गर्नु नेपाल सरकार लगायत सबैको कर्तव्य हुने भन्ने देखिन्छ।[३०] आयोगबाट भएका निर्णय अन्तिम भई सो उपर आयोगमा पुनरावेदन[३१] समेत लाग्ने नभएतापनि कुनै स्रोतबाटपछि प्राप्त प्रमाणको आधारमा आयोगले आफ्नो निर्णयमा पुनर्विचार गर्न सक्ने व्यवस्था समेत देखिन्छ।[३२] आयोगले गरेको निर्णय र सिफारिस आयोगको लागि अन्तिम भएता पनि सम्बन्धित सरोकारवालाले चित्त नबुझाएमा रिट क्षेत्राधिकार आकर्शित हुने वा आयोगका सिफारिस कार्यान्वयनका सम्बन्धमा सम्बन्धित निकायले गरेका कार्यान्वयनका निर्णय उपर चुनौती दिने अवस्था विद्यमानता रहेता पनि सम्बन्धित व्यक्तिले कार्यान्वयनमा अवरोध सिर्जना गर्ने वा सरकारको सम्बन्धित निकायले कार्यान्वयन नै नगर्ने भन्ने अनुमान

[२७] राष्ट्रिय मानव अधिकार आयोग उजूरी तथा कारवाही सम्बन्धी निर्देशिका, २०६९ को निर्दिशिका ४१(क)।
[२८] ऐ.ऐ. निर्देशिका ४१(ख)।
[२९] ऐ.ऐ. निर्देशिका ४१(ग)।
[३०] ऐ.ऐ. निर्देशिका ४१(घ)।
[३१] ऐ.ऐ. निर्देशिका ४१(ङ)।
[३२] ऐ.ऐ. निर्देशिका ४१(च)।

कानूनको शासन मान्ने प्रणाली भएको मुलुकमा गर्न सक्ने देखिंदैन।

३४. आयोगका सिफारिसहरुको कार्यान्वयनलाई अगाडि वढाउन नेपाल सरकारले सिफारिस कार्यान्वयन कार्यदल गठन गरी राष्ट्रिय मानव अधिकार आयोग समेतको सहभागितामा छलफल गरी मानव अधिकार उल्लङ्घनका पीडितको न्यायप्राप्तिको अधिकार सुनिश्चितताको लागि सिफारिस कार्यान्वयनको कार्ययोजना निर्माण गरी लागू गर्नुपर्ने आवश्यकता उक्त कार्यदलले पहिचान गरेको पाइन्छ।[३३] उक्त सुझावहरुको आधारमा आयोगका सिफारिसहरुको कार्यान्वयन अवस्था पछिल्लो समयमा १५.३ प्रतिशत पूर्ण र ३९.२ प्रतिशत आंशिक र ४५.५ प्रतिशत सिफारिस कार्यान्वयन हुन बाँकी देखिन्छन्।[३४] आयोगका यस्ता सिफारिसहरुको कार्यान्वयनको कमजोर अवस्थाका कारण नेपालको मानव अधिकारको कार्यान्वयनको अवस्थाका बारेमा विश्वस्तरिय क्षितिजिय सरोकार देखापर्न सक्ने देखिन्छ। अघिल्ला वर्षहरुका तुलनामा राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसहरुको कार्यान्वयन अवस्था तुलनात्मक रुपमा केही वढोत्तरी भएको देखिएता पनि ठुलो सङ्ख्यामा सिफारिसहरु कार्यान्वयन नभएको अवस्थालाई प्रणालीगत सुधारको आवश्यकताको दृष्टिकोणवाट हेरिनु पर्ने देखिन्छ।

३५. यसै सन्दर्भमा निवेदनले *अधिवक्ता ओम प्रकाश अर्याल समेत वि. राष्ट्रिय मानव अधिकार आयोग समेत*[३५] भएको को उत्प्रेषणको रिट निवेदनमा यस अदालतवाट भएको आदेशअनुसार सरकारी मुद्दासम्बन्धी ऐनमा संशोधन गरी राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिसको आधारमा फौजदारी जवाफदेहिता सुनिश्चित गर्ने व्यवस्था गर्नु पर्ने भनी माग गरिएको सन्दर्भमा हेर्दा यस अदालतवाट "*नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने विषयमा निर्णय गर्ने अन्तिम अधिकार महान्यायाधिवक्ताको भएतापनि मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहन गर्ने व्यक्तिउपर मुद्दा चलाउन आवश्यक भएमा मुद्दा दायर गर्न मानव अधिकार आयोगले सिफारिस गरी पठाएपछि सामान्यतया महान्यायाधिवक्ताले सो विषयमा मुद्दा नचलाउने भनी निर्णय गर्न पाउने भन्ने देखिंदैन। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२ को*

[३३] मानव अधिकार उल्लङ्घनको घटनामा मुद्दा दायर गर्नेको लागि राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिसहरुको कार्यान्वयनमा रहेका जटिलता, समाधानका विकल्प तथा सुझावहरु सम्बन्धी कार्यदलको अध्ययन प्रतिवेदन, २०७३।

[३४] राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन (संक्षिप्त) आ.व. २०७८-२०७९, पेज नं. १७।

[३५] अधिवक्ता ओम प्रकाश अर्याल समेत वि. राष्ट्रिय मानव अधिकार आयोग समेत ने.का.प. २०७०, अंक ७. नि.नं. ९०२९, पेज २४३।

*उपधारा (२) को खण्ड (ग) को मुद्दा दायर गर्ने सिफारिस गर्ने राष्ट्रिय मानव अधिकार आयोगको अधिकारलाई निष्प्रभावी हुने गरी अन्तरिम संविधानको धारा १३५ को उपधारा (२) द्वारा महान्यायाधिवक्तालाई प्राप्त मुद्दा चलाउने वा नचलाउने भनी निर्णय गर्ने अधिकारको प्रयोग हुन सक्छ भनी व्याख्या गर्ने हो भने धारा १३२ को उपधारा (२) को खण्ड (ग) अन्तर्गत मानव अधिकार आयोगलाई प्राप्त अधिकारको निस्प्रयोजन हुने देखिन्छ"* भनी व्याख्या गरेको पाइन्छ।

३६. उल्लिखित आदेशमा भएको व्याख्याअनुसार महान्यायाधिवक्ता सामान्यतः राष्ट्रिय मानव अधिकार आयोगका निर्णय र सिफारिस भएको अवस्थामा मुद्दा चलाउने निर्णय गर्न वाध्यातमक अवस्थामा रहेको देखिन्छ। कथमकदाचित विशिष्ट अवस्था देखिँदा महान्यायाधिवक्ताले मुद्दा नचलाउने भन्ने निर्णय गरेमा पनि महान्यायाधिवक्ताको निर्णय उक्त कार्यालयको लागि मात्र अन्तिम हुने भन्ने देखिन्छ। यस सन्दर्भमा *बद्री बहादुर कार्की वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*[३६] भएको मुद्दामा *"महान्यायाधिवक्ताले सदाशयतापूर्वक आफ्नो विवेक प्रयोग गरी गरेका त्यस्ता कार्य उपर प्रश्न गर्ने कसैको अधिकार रहदैन। त्यस सम्बन्धमा निजलाई व्यवसायिक उन्मुक्ति प्रदान गरिएको हुन्छ।"* भनी व्याख्या गरिएको भएतापनि यस अदालतले *नारायण सिंह राजपुत वि. महान्यायाधिवक्ता कार्यालय समेत*[३७] भएको मुद्दामा *"नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने बारेमा निर्णय गर्ने अन्तिम अधिकार रहेको भए पनि सो अधिकारको प्रयोग त्यस्तो अधिकार प्रयोगकर्ताको स्वेच्छा (Pleasure) मा निर्भर नभई निष्पक्ष अनुसन्धानबाट देखिएको निष्कर्षमा आधारित हुनुपर्दछ। अनुसन्धानबाट कुनै व्यक्ति निर्दोष देखिएको अवस्थामा महान्यायाधिवक्ताको ईच्छामा निजको विरूद्धमा मुद्दा चल्ने र त्यस्तो अनुसन्धानबाट शंकित व्यक्ति दोषी देखिएको अवस्थामा केवल महान्यायाधिवक्ताको चाहनाको कारणले मात्र मुद्दा नचल्ने भनी निर्णय हुन सक्छ भनी संवैधानिक व्यवस्थाको अर्थ गर्नु मनासिब नहुने।"* भनी व्याख्या भएको तथा *सुन्तली धामी वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यलायमा*[३८] *"महान्यायाधिवक्ताले गरेको निर्णय सरकारी निकायको लागि मात्र अन्तिम हुन सक्दछ। धारा १३५ ले महान्याधिवक्तालाई उल्लिखित अधिकार दिएको भएता पनि धारा १३५ ले धारा १०७ को यस अदालतको असाधारण अधिकारलाई सीमित गर्न वा कटौती गर्न वा नियन्त्रण*

[३६] बद्री बहादुर कार्की वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत ने.का.प २०५८, अंक ५, नि.नं. ७००१।

[३७] नारायण सिंह राजपुत वि. महान्यायाधिवक्ता कार्यालय समेत ने.का.प. २०७०, अंक १, नि.नं. ८९४९।

[३८] सुन्तली धामी वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यलाय, ने.का.प. २०६८, अंक १, नि.नं. ८५४१।

*गर्न नसक्ने। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) ले यस अदालतलाई "यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विषय समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि आवश्यक र उपर्युक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ" भन्ने संवैधानिक प्रावधान रहेको देखिन्छ। उल्लिखित संवैधानिक व्यवस्था अन्तर्गत पूर्ण न्यायको निमित्त यस अदालतले कुनै निकाय वा पदाधिकारीले गरेको निर्णयलाई Judicial Review गर्न सक्ने"* भनी व्याख्या भएकाले यस अदालतको पछिल्लो व्याख्याँअनुसार महान्यायाधिवक्ताको मुद्दा चलाउने वा नचलाउने सम्बन्धी निर्णय सो कार्यालयको लागि मात्र अन्तिम हुने देखिन्छ। यदि महान्यायाधिवक्ताको निर्णयबाट कसैको मौलिक हकको हनन् भएमा त्यस्तो निर्णय उपर न्यायिक पुनरावलोकन गर्न सक्ने नै देखिन्छ। यस परिप्रेक्षमा महान्यायाधिवक्ताले राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसलाई कार्यान्वयन नगर्ने वा मुद्दा नचलाउने निर्णय गरेतापनि यस अदालतले त्यस्तो निर्णय उपर न्यायिक पुनरावलोकन गरी पुनःविचार गर्न सक्ने नै देखिन्छ।

३७. संविधानले मानव अधिकारको उल्लङ्घनको विषयमा अनुसन्धान गरी दोषी व्यक्तिउपर मुद्दा दायर गर्न सिफारिस गर्न सक्ने गरी राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक अधिकार प्रदान गर्नुको खास औचित्य र प्रयोजन रहेको देखिन्छ। गम्भीर मानव अधिकार उल्लङ्घनका कतिपय कसूरलाई राज्यको सीमाभित्र मात्र सीमित गरी हेर्ने भन्दा यसलाई अन्तरराष्ट्रियस्तर वा क्षितिजिय रुपमा समेत विश्वव्यापी क्षेत्राधिकार (universal jurisdiction) भएको कसूरको रुपमा मानी त्यस्ता कतिपय कसुरलाई नियन्त्रित गर्ने र दोषीउपर कारवाही गर्न निश्चित अवस्थामा प्रत्येक राज्यलाई, क्षेत्राधिकार रहेको पाइन्छ।[३९] त्यसैले गम्भीर प्रकृतिका मानव अधिकारको उल्लङ्घन गर्नेहरुका विरुद्ध राष्ट्रिय कानूनले पर्याप्त कानूनी उपचारको व्यवस्था गर्न नसकेमा अन्तर्राष्ट्रिय कानूनबमोजिमसमेत सो विषयको निरुपण गर्ने व्यवस्थाहरू प्रभावकारी बन्दै गएको देखिन्छ।[४०] हाम्रो जस्तो संवैधानिक लोकतान्त्रिक राज्य व्यवस्थामा संविधानले नै

---

[३९] *See* MALCOLM N. SHAW, INTERNATIONAL LAW 645-696 (Cambridge University Press, Sixth eds., 2008), Darren Hawkins, *Universal Jurisdiction for Human Rights: From Legal Principle to Limited Reality* 9:3, Global Governance, 347-365 *(July–Sept. 2003)*.

[४०] उहाहरणार्थ नेपालको द्वन्द्वकालीन मानव अधिकारका घटनाका सम्बन्धमा ICCPR, Human Rights Committee बाट हालसम्म २९ वटा व्यक्तिगत उजुरिमा निर्णय भएको देखिन्छ। थप जानकारिको लागिः CCPR, Database and Case Law Briefs, https://ccprcentre.org/database_decisions/?filter=1 .

मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनका लागि राष्ट्रिय मानव अधिकार आयोग जस्तो स्वतन्त्र संवैधानिक निकायको स्थापना गरी मानव अधिकारको उल्लङ्घन र दुरुत्साहनका घटनाहरूको स्वतन्त्र र निष्पक्ष अनुसन्धान गर्ने, दोषीउपर कानूनबमोजिम मुद्दा दायर गर्न सिफारिस गर्ने, पीडितलाई उचित क्षतिपूर्ति दिलाउनेलगायतका गहन जिम्मेवारी उक्त आयोगलाई सुम्पिएको देखिन्छ। यसै क्रममा यस अदालतबाट *अधिवक्ता ओम प्रकाश अर्याल समेत वि. राष्ट्रिय मानव अधिकार आयोग समेत को मुद्दामा*[४१] *"मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहनको घटनामा दोषी व्यक्तिउपर आयोगले प्रचलित कानूनबमोजिम मुद्दा चलाउन आवश्यक देखी मुद्दा दायर गर्न सिफारिस गरेपछि सो विषयमा महान्यायाधिवक्ता वा निज मातहतको कुनै सरकारी वकील कार्यालयले अन्य कसुरमा जस्तो मुद्दा चलाउन आवश्यक छ वा छैन भनी आयोगको सिफारिसको औचित्यमाथि अन्यथा प्रश्न गर्न मिल्ने अवस्था संविधानतः नदेखिने।"* भनी व्याख्या भएकोमा मानव अधिकार आयोगबाट मुद्दा चलाउनु भनी भएको सिफारिसबाट महान्यायाधिवक्ता संवैधानिक रुपमा नै सो कार्य गर्न वाध्य रहेको देखिन्छ। यद्यपी राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिसहरुमा थप प्रमाण सङ्कलन गर्नुपर्ने अवस्था भएमा महान्यायाधिवक्ताको कार्यालय वा अन्य निकायबाट त्यस सम्बन्धमा थप प्रमाण सङ्कलनको लागि आयोगलाई पत्राचार गर्न तथा आयोगले सो सम्बन्धमा आफ्नो सम्बन्धित विभाग मार्फत त्यस्ता प्रमाण सङ्कलन गरी वा मानव अधिकारको उल्लङ्घनमा प्रायजसो हुने परिस्थितिजन्य प्रमाणको अवस्था दर्शाई पुनः महान्यायाधिवक्ताको कार्यालय वा अन्य सम्बन्धित कार्यालयमा पत्राचार गरी आयोगको सिफारिसहरुको कार्यान्वयनको प्रयोजनका लागि एक प्रकारको समन्वयात्मक अवस्था सृजना गर्न सक्ने नै देखिन्छ।

३८. **स्वतन्त्र एवं स्वायत्त संवैधानिक निकायको रुपमा रहेको राष्ट्रिय मानव अधिकार आयोगले दोषीउपर प्रचलित कानूनबमोजिम मुद्दा चलाउनु आवश्यक छ भनी मुद्दा दायर गर्न सिफारिस गर्नुपूर्व प्रचलित कानूनबमोजिम निजउपर मुद्दा चल्न सक्ने अवस्था भए नभएको विषयमा गहिरो अध्ययन र वस्तुनिष्ठ अनुसन्धान गरी मुद्दा चल्न र चलाउन सक्ने अवस्था भएमा मात्रै प्रचलित कानूनबमोजिम एक निश्चित ढाँचामा पूर्ण विवरणसहितको मुद्दा दायर गर्नु भनी सिफारिस गर्नुपर्ने देखिन्छ। आयोगले बिना कुनै आधार र कारण वा पत्र मार्फत मात्र मुद्दा दायर गर्न फौजदारी प्रकृतिको कसुरमा कसैका विरुद्ध मुद्दा चलाउन सिफारिस गर्न सक्ने पनि देखिदैन। यदि घटना विवरण, प्रमाण तथा तथ्य र कानूनसहितका सिफारिसहरु राष्ट्रिय मानव अधिकार आयोगले**

[४१] अधिवक्ता ओम प्रकाश अर्याल समेत वि. राष्ट्रिय मानव अधिकार आयोग समेत ने.का.प. २०७०, अंक ७. नि.नं. ९०२९, पेज २४३।

गरेको अवस्थामा पनि कुनै व्यक्तिको हक हनन् भएको भन्ने जिकिर लिई त्यस विरुद्ध सम्बन्धित व्यक्ति न्यायिक उपचारमा जान सक्ने नै देखिन्छ। त्यसैले प्रक्रिया पुरा गरी पूर्ण फैसला तयार गरी पठाइएको राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसलाई कार्यान्वयन गर्ने वा नगर्ने भन्ने स्वविवेक त्यस्तो सिफारिस प्राप्त गर्ने निकाय वा पदाधिकारीलाई रहन्छ भनी सम्झन सक्ने सम्म देखिँदैन। कतिपय अवस्थामा राष्ट्रिय मानव अधिकार आयोग जस्ता संवैधानिक निकायहरुका सिफारिसहरुले सृजना गर्ने आर्थिक दाइत्वका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय वा अन्य त्यस्तै तालुक निकायमा बजेट बिनियोजन नभएको हुन सक्छ र वर्षैसम्म त्यस्ता सिफरिसहरु कार्यान्वयनका सम्बन्धमा दुविधा सृजना भएको हुन सक्छ। कतिपय पुराना सिफारिसहरुको कार्यान्वयनका सम्बन्धमा हदम्यादका नियमहरु वा वस्तुगत प्रमाणको उपलब्धताका आवश्यकता हुन सक्दछन। यदि यस्ता कार्यात्मक रुपमा देखापरेका उल्झनहरुमा निकास दिन आयोगका सिफारिसहरुको कार्यान्वयनको लागि विद्यमान राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा संशोधन गर्नु पर्ने भएमा त्यस्तो विषयको संशोधन विधेयकका सम्बन्धमा विचार गर्ने प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयले हेर्ने नै हुदा यस सम्बन्धमा विश्लेषण गरी रहनु पर्ने देखिदैन। त्यस्तै बजेट विनियोजन वा हदम्याद कायमका सम्बन्धमा पनि सम्बन्धित निकायहरुले उपयुक्त निकास निकाल्न सक्ने नै हुदाँ यस सम्बन्धमा पनि थप विवेचना गरी रहनु पर्ने देखिदैन।

३९. माथि उल्लिखित विषयहरुमा राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो संस्थाको उद्देश्य प्राप्तिका लागि आफ्नो ऐनद्वारा निर्धारित संरचनामा केही फेरबदल गरी ऐन संशोधनका लागि तीन महले सहितको मस्यौदा तयार गरी मिति २०७२/०९/२३ मा च.नं. LAD ५०५ को पत्र सहित प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, कानून तथा फैसला कार्यान्वयन शाखामा पठाएको भन्ने आयोगको लिखितजवाफबाट देखिन्छ। आयोगले आफ्नो निर्णय वा सिफारिस कार्यान्वयनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को विभिन्न दफाहरुमा संशोधनको लागि प्रस्ताव गरी सकेको अवस्थामा सम्बन्धित मन्त्रालयबाट संघीय संसदमा पेश गरी पारित भएमा ऐनको दफा १७ मा रहेका प्रावधानअनुसार आयोगबाट संविधानको धारा २४९ को उपधारा (२) को खण्ड (ग) बमोजिम मुद्दा चलाउने वा कारवाहीको सिफारिस भई आएको सम्बन्धमा नेपाल राज्यका महान्यायाधिवक्ताले अनिवार्य रुपमा कानून बमोजिम मुद्दा चलाई आयोगलाई सोको जानकारी दिनु पर्ने सम्बन्धमा थप स्पष्ट पार्नु पर्ने देखिदैन।

४०. यसैगरी मानव अधिकार उल्लङ्घनको घटनामा मुद्दा दायर गर्नको लागि राष्ट्रिय मानव अधिकार

आयोगबाट भएका सिफारिसहरुको कार्यान्वयनमा रहेका जटिलता, समाधानका विकल्प तथा सुझावहरु सम्बन्धी अध्ययन प्रतिवेदन, २०७३ ले मानव अधिकार उल्लङ्घनका घटनामा मुद्दा दायर गर्नको लागि आयोगबाट भएका सिफारिसहरु मध्ये सशस्त्र द्वन्द्वको समाप्ति पश्चात घटेका घटनाहरुका सम्बन्धमा भएका र भविष्यमा समेत हुन सक्ने सिफारिसहरुलाई कार्यान्वयन गर्नको लागि रहेका कानुनी, प्रकृयागत र प्राविधिक कठिनाइहरुको अध्ययन गरी समाधानका विकल्पहरु पहिचान, विश्लेषण र सिफारिस कार्यान्वयनलाई प्रभावकारी बनाउने सम्बन्धमा सुझावहरु सहितको देहायका विकल्पहरु देखाएको पाइन्छ:

विकल्प नं. १:

*आयोगको सिफारिसबमोजिम मुद्दा दायर गर्नको लागि नेपालको संविधानको धारा २४९(२)(ग) बमोजिम संविधानले परिकल्पना गरेअनुरुप नयाँ ऐन बनाउने वा विद्यमान कानूनहरुमा नै आवश्यक संशोधन गर्न सकिने, सरकारवादी फौजदारी मुद्दाहरुको अनुसन्धान एवं अभियोजनसँग सम्बन्धित कानूनको रुपमा (तत्कालिन) सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ तथा सो ऐनको नियमावलीमा नै आवश्यक संशोधन गर्न उपयुक्त र व्यवहारिक देखिन्छ। साथै, मानव अधिकार आयोग ऐन, २०६८ मा मानव अधिकार उल्लङ्घनका गम्भिर घटनामा प्रारम्भिक कारवाही गर्दा फौजदारी प्रकृतिको देखिएमा सरकारवादी मुद्दा सम्बन्धी प्रचलित कानूनले अनुसन्धान अधिकृतलाई प्रदान गरेका अधिकार प्रयोग गर्न सक्ने, राय सहित आयोग समक्ष प्रतिवेदन पेश गरि मुद्दा चलाउनु पर्ने देखिएमा सोको आधार र कारण सहितको सिफारिसको पूर्ण पाठ राखी सिधै महान्यायधिवक्ता समक्ष वा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत महान्यायधिवक्ता समक्ष पठाउने व्यवस्था हुनु पर्ने। यसरी आयोगको सिफारिस प्राप्त भएपश्चात थप अनुसन्धान गर्नुपर्ने भएमा महान्यायाधिवक्ता वा सम्बन्धित सरकारी वकिलले सोको लागि आयोगलाई अनुरोध गर्न सक्ने।*

विकल्प नं. २:

*पहिलो विकल्पमा ऐन संशोधन हुनुपर्ने देखिएको र सो कार्य प्रक्रियागत रुपमा लामो समय लाग्ने हुँदा विकल्प नं. १ मा रहेका व्यवस्थाहरुलाई मानव अधिकार ऐन तथा (तत्कालीन) सरकारी मुद्दासम्बन्धी ऐन अन्तर्गतका नियमावलीहरु संशोधानमार्फत कार्यान्वयन गराई विद्यमान केही कठिनाइहरुलाई हटाउन सकिने।*

विकल्प नं. ३:

*आयोगबाट मुद्दा दायर गर्नको लागि किटानी सिफारिस नभई प्रचलित कानून बमोजिम कारवाही गर्नको लागि लेखि आएकोमा सम्बन्धित निकाय वा अधिकारीले प्रचलित कानून बमोजिम*

छानविन गर्ने, दोषी देखिएमा विभागिय कारवाही गर्नु पर्ने भए गर्ने र मुद्दा चलाउनु पर्नेसमेतको अवस्था देखिएमा सरकारवादी फौजदारी मुद्दासँग सम्बन्धित घटना भए सरकारी वकिलको राय लिई मुद्दा दायर गर्ने सम्मको प्रक्रिया अवलम्बन गर्नु पर्ने।

बिकल्प नं. ४:

आयोगबाट कतिपय घटनाका सम्बन्धमा भएका सिफारिसमा सङ्लग्न व्यक्तिको पहिचान तथा कसुरसमेत स्पष्ट गरी पठाइने, केही सिफारिसहरुमा व्यक्तिको नाम मात्र पठाइ थप अनुसन्धान गरि कानूनबमोजिम गर्नका लागि पठाइने पाइएकाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले आयोगबाट प्राप्त सिफारिसहरुलाई निर्णय गरी कानूनबमोजिम अनुसन्धानको कारवाही गर्न गृह मन्त्रालय तथा रक्षा मन्त्रालयमा पठाई सम्बन्धित मन्त्रालयले प्रहरी प्रधान कार्यालय तथा नेपाली सेनाको जङ्गी अड्डामा पठाई प्रहरीले जाहेरिको रुपमा लिई अनुसन्धान गरी प्रचलित कानूनबमोजिम गर्ने तथा नेपाली सेनाले सैनिक ऐन,२०६३ बमोजिम गर्ने।

बिकल्प नं. ५:

आयोगको सिफारिसहरुको कार्यान्वयन प्रक्रिया नै अघि नबढेको हालको अवस्थालाई मध्यनजर गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले मुद्दा चल्न सक्ने अवस्था भए मुद्दा चलाउने कारवाही प्रारम्भ गर्न महान्यायधिवक्ताको कार्यालयलाई अनुरोध गरी पठाउने र आयोगको सिफारिसहरुमा उल्लेखित घटनाका सम्बन्धमा थप अनुसन्धान वा प्रमाण सङ्कलन गर्नु पर्ने भएमा सोही व्यहोरा उल्लेख गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नीतिगत निर्णय गरी आयोग समक्ष त्यस्ता सिफारिसहरुको बारेमा पुनःविचार गर्न वा घटनाको पुनःअनुसन्धान र प्रमाण सङ्कलन गरी पठाउनको लागि अनुरोध गर्न सक्ने वा नसक्ने सम्बन्धमा महान्यायधिवक्ताको कार्यालयसँग राय माग गरि सकारात्मक राय प्राप्त भएमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यस्तो सिफारिसहरुको सन्दर्भमा पुनःविचार गर्न वा घटनाको सम्बन्धमा थप अनुसन्धान वा प्रमाण सङ्कलन गरी पठाउन आयोग समक्ष अनुरोध गर्ने र आयोगले त्यस्तो अनुरोधलाई विचार गरी उपयुक्त निर्णयमा पुग्ने र सोको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई गराउने।

उल्लिखित कार्यदलको अध्ययन प्रतिवेदनका आधारमा आयोगले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा संशोधनको प्रस्ताव गरी सम्बन्धित निकायमा पत्राचार गरी सकेको अवस्थामा माथि उल्लेखित विकल्पहरुलाई सम्वन्धित निकायहरुले पुर्नविचार गरी राष्ट्रिय मानव अधिकार आयोगका मुद्दा चलाउने लगायतका सिफारिसहरु कार्यान्वयन गर्ने विषयलाई गम्भीरता पूर्वक लिनु पर्ने देखिन्छ।

४१. संयुक्त राष्टसंघको महासभाबाट पारित गरी प्रत्येक राष्ट्रमा स्थापना गरिने राष्ट्रिय मानव अधिकार संस्थामा मानव अधिकारका मूलत ६ वटा तत्वहरू जस्तै बृहत् कायदिश, स्वायत्तता, स्वतन्त्रता, बहुलवादमा आधारित, पर्याप्त स्रोत र अनुसन्धानको पर्याप्त अधिकारलाई मानव अधिकार राष्ट्रिय संस्था स्थापनाको अनिवार्य शर्त मानिएको देखिन्छ। उक्त महासभाबाट पारित प्रस्तावलाई पेरिस सिद्धान्त समेतबाट चिन्ने गरिएको छ। उल्लिखित अनिवार्य शर्तहरुलाई मुर्त रुप दिनको लागि नै नेपालको संविधानले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक आयोगको रुपमा व्यवस्था गरिएको पाइन्छ। यस किसिमको व्यवस्थाले नेपालमा मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनलाई महत्त्व दिइएको अनुभूति गर्न सकिन्छ। पेरिस सिद्धान्तहरुको अनिवार्य पालनाले नै आयोगको प्रभावकारीतामा बढोत्तरी हुने मान्यता प्राय राष्ट्रहरुले अंगिकार गरेको देखिन्छ। नेपालको परिप्रेक्षमा माथि उल्लिखित कार्यदलबाट विभिन्न विकल्पहरु प्रस्तुत गरिएको भएतापनि आयोगका सिफारिसहरु न्यूनतम रुपमा मात्र कार्यान्वयन भएको देखिएको अवस्थामा सम्बन्धित ऐनमा सुधार वा संशोधनको आवश्यकता अपरिहार्य रहेको देखिन्छ।

४२. सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवताविरुद्धको अपराधसम्बन्धी घटना र त्यस्तो घटनामा सङ्लग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी घटनासँग सम्बन्धित गम्भीर अपराधमा सङ्लग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्नको लागि बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग तथा सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन आवश्यक भएकोले वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भएको देखिन्छ। सो ऐनको दफा २९ मा मुद्दा दायर गर्ने सम्बन्धी व्यवस्था रही उपदफा (१) मा मानव अधिकारको गम्भीर उल्लङ्घनको आरोपमा दोषी देखिएको पीडक उपर मुद्दा चलाउन आयोगबाट नेपाल सरकार समक्ष सिफारिस भएमा नेपाल सरकारले त्यस्तो पीडक उपर मुद्दा चलाउन महान्यायाधिवक्ता समक्ष लेखी पठाउनु पर्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ। यसरी मुद्दा चलाउन लेखी आएमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकीलले त्यस्तो पीडक उपर आधार र कारण खुलाई निर्णय गरी उक्त मुद्दा चलाउने निर्णय अनुसार सम्बन्धित सरकारी वकीलले विशेष अदालतमा मुद्दा चलाउनु पर्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ। यसबाट राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस अनुसार तथा महान्यायधिवक्ताको निर्णयअनुसार नियमित अदालतमा सम्बन्धित सरकारी

वकी०लले मुद्दा चलाउने भन्ने देखिन्छ भने द्वन्दकालका गम्भिर मानव अधिकार उल्लङ्घनका घटनामा महान्यायधिवक्ताको कार्यालयको निर्णयबाट विशेष सरकारी वकिलको कार्यालयले विशेष अदालतमा मुद्दा चलाउने भन्ने देखिन्छ। तसर्थ नियमित प्रकृतिका वा द्वन्द्वकालका विशेष प्रकृतिका फौजदारी प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनामा मुद्दा चलाउने सम्बन्धी महत्त्वपूर्ण कडिको रुपमा महान्यायाधिवक्ता तथा महान्यायाधिवक्ताको कार्यालय रहेको देखिन्छ। यसप्रकारको विशिष्ट जिम्मेवारी भएको महान्यायाधिवक्ता वा निजको कार्यालयलाई संविधानले उच्च स्थान प्रदान गरेको अवस्थामा मानव अधिकार आयोगबाट भएको मुद्दा चलाउने सिफारिसहरुको थुप्रोमा बसेर सु-शासन, संविधानवाद, मानव अधिकार, कानूनको शासन र उत्तरदायीत्वजस्ता विषयमा अनभिज्ञ रहने र कार्यान्वयन नगर्ने छुट संविधान र कानूनले दिएको मान्न सकिने देखिँदैन।

४३. तेस्रो प्रश्न राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७ बमोजिम मानव अधिकार उल्लङ्घनको सम्बन्धमा आयोगले गरेको सिफारिस, आदेश वा निर्देशनको जानी-जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा सार्वजनिकरण गर्ने र अभिलेखमा राख्ने व्यवस्थाको उद्देश्य र प्रकृति के-कस्तो हो? भन्ने सम्बन्धमा विचार गर्दा यसमा नेपालको संविधानको धारा २४९(२) को (ज) मा "*मानव अधिकार उल्लघंन सम्बन्धमा आयोगले राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति, वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लघंनकर्ताको रुपमा अभिलेखमा राख्ने*" भन्ने संवैधानिक व्यवस्था रहेको देखिन्छ। यसै अनुरुप राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७ मा नाम सार्वजनिक गर्ने र अभिलेख राख्ने भन्ने व्यवस्था रही आयोगले मानव अधिकार उल्लङ्घनकर्ताको नाम सार्वजनिक गर्नु अघि आयोगबाट भएको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने सम्बन्धमा सम्बन्धित पदाधिकारी, व्यक्ति, वा निकायलाई सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिई लेखी पठाउने, उल्लिखित समयावधिभित्र सफाई पेश नगरेमा वा गरेको सफाई मनासिब नदेखिएमा त्यस्तो पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताका रुपमा सार्वजनिक गरी अभिलेख राख्ने र यसरी नाम सार्वजनिक गरिएका कुनै व्यक्तिलाई नयाँ नियुक्ति, बढुवा र वृति विकासका लागि सिफारिस गर्दा तथा पदाधिकारीलाई

नयाँ जिम्मेवारी दिँदा निजको कार्यक्षमताको सम्बन्धमा सम्बन्धित निकायले उक्त अभिलेखलाई समेत आधार लिन सक्ने भन्ने व्यवस्था रहेको पाइन्छ। यसरी, मानव अधिकार आयोगबाट भएका सिफारिस, आदेश वा निर्देशनहरुको जानी-जानी पालन नगर्ने वा कार्यान्वयन नगर्ने, *willful disobedience* गर्ने निकाय, पदाधिकारी वा व्यक्तिलाई उन्मुक्ति प्रदान गर्दै जाँदा मानव अधिकारको सम्मान, संरक्षण तथा संवर्द्धनमा प्रतिकुल असर पर्न गई नेपालको संविधान, कानून तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनद्वारा सुनिश्चित मानव अधिकारहरु निरर्थक हुन जाने तथा आयोगको संवैधानिक कर्तव्य नै निस्तेज हुन जाने भएकोले संविधानमा नै मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्ने व्यवस्था गरिएको पाइन्छ। आयोगले यस प्रकार राख्ने अभिलेखमा मानव अधिकार उल्लङ्घनकर्ता भनी अभिलिखित गर्ने कार्यले त्यस्ता व्यक्ति तथा पदाधिकारीहरुको वैयक्तिक वृत्ति विकासमा छेकबार लाग्न सक्ने, विभागिय कारवाहीको भागेदार हुनसक्ने जस्ता परिणाम सम्बन्धित व्यक्ति तथा पदाधिकारीले भोग्नु पर्ने भएकाले आयोगको यसप्रकारको कार्यको दण्डात्मक (punitive) उद्देश्य रहेको मान्नुपर्ने देखिन्छ।

४४. यसै गरी राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारवाही तथा क्षतिपुर्ति निर्धारण) नियमावली, २०६९ को नियम ५० मा मानव अधिकार उल्लङ्घनको उजुरी परेको वा नपरेको सम्बन्धमा जानकारी दिने भन्ने प्रावधान रहेको देखिन्छ। उक्त प्रावधानमा आयोगले कोही व्यक्ति उपर आयोग समक्ष मानव अधिकार उल्लङ्घनको उजुरी परेको वा नपरेको सम्बन्धमा कुनै व्यक्ति वा निकायले जानकारी माग गरेकोमा सबै तथ्यगत आधार प्रमाण सङ्कलन गरी गराई प्राप्त हुन आएको जानकारी सम्बन्धित व्यक्ति वा निकायलाई दिन सक्नेछ भनी उल्लेख गरेको देखिन्छ। साथै राष्ट्रिय मानव अधिकार आयोग उजुरी तथा कारवाही सम्बन्धी निर्देशिका, २०६९ को दफा ४२ मा नाम सार्वजनिक गर्ने भन्ने व्यवस्था रही ऐनको दफा ७(१) बमोजिम आयोगले मानव अधिकार उल्लघंनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशन जानी–जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लघंनकर्ताको रुपमा कानूनी प्रकृया पुरा गरी सार्वजनिक गर्न सक्नेछ भनी उल्लेख भएको

पाइन्छ।

४५. मानव अधिकार आयोगको लिखितजवाफमा मानव अधिकार उल्लङ्घनकर्ताहरुको नाम सार्वजनिकरण गर्ने सम्बन्धमा आवश्यक कानूनी प्रबन्ध गर्ने रणनीति रहेको भन्ने पाइन्छ। यसका अतिरिक्त National Instututions for the Protection of Human Rights as Paris Principles अन्तर्गत रहेको Competence and Responsibilities को धारा ३(a) मा To submit to the Government, Parliament and any other competent body, on an advisory basis either at the request of the authorities concerned or through the exercise of its power to hear a matter without higher referral, opinions, recommendations, proposals and reports on any matters concerning the promotion and protection of human rights; the national institution may decide to publicize them; these opinions, recommendations, proposals and reports, as well as any prerogative of the national institution, भन्ने व्यवस्था रहेको देखिन्छ। राष्ट्रिय मानब अधिकार आयोगले प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, कानून तथा फैसला कार्यान्वयन शाखामा पठाएको च.नं. LAD ५०५ मिति २०७२/०९/२३ को पत्रबाट राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ७(१) मा रहेको नाम सार्वजनिक गर्ने र अभिलेख राख्ने प्रावधानमा आयोगले मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानी-जानी पालना वा कार्यान्वयन नगर्ने वा मानव अधिकार उल्लङ्घनमा संलग्न भनी आयोगद्वारा दोषी ठहर भएका पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा सार्वजनिक गर्नेछ भनी संशोधनको व्यहोरा थप गरेको दखिन्छ। यद्यपी आयोगद्वारा आफ्नो वार्षिक प्रतिवेदनमा मानव अधिकार उल्लङ्घनमा आयोगद्वारा दोषी ठहर गरिएका व्यक्तिहरुको नाम, कार्यालय, उल्लङ्घनको विषय तथा कारवाहीको विवरणसहित प्रकाशन भएको नै देखिन्छ।[४२]

४६. आयोगले कानून बमोजिमको प्रक्रिया पुरा गरी अनुसन्धान तथा छानविन गरी मानव अधिकार उल्लङ्घनमा सङ्लग्न भएको व्यक्तिहरुलाई दोषी ठहर गर्ने कार्य गर्दछ। यसको अतिरिक्त उल्लिखित व्यक्तिहरुलाई कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्नेसम्मको कार्य आयोगबाट भई आयोगले निजहरुको नाम समेत सार्वजनिक तथा अभिलेखिकरण गरेको देखिन्छ। मानव अधिकार उल्लङ्घनको घटनामा मानव अधिकारको उल्लङ्घन गर्ने व्यक्तिलाई मात्र सीमित नगरी आयोगबाट भएका सिफारिस तथा आदेशहरुको पालना तथा कार्यान्वयन

[४२] राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन, २०७९/८०, अनुसूची-३, पृ. २७२।

नगर्ने व्यक्ति, पदाधिकारी तथा निकायहरुलाई समेत मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा सार्वजनिक गर्ने प्रावधान रहेको देखिन्छ।

४७. मानव अधिकार उल्लङ्घनकर्ता भनी आयोगले नाम सार्वजनिक गरेका व्यक्तिलाई संवैधानिक तथा कुनै सार्वजनिक पदमा नियुक्त, बढुवालगायतका वृत्तिविकासको सन्बन्धमा मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा अभिलिखित हुँदा केकस्तो असर पर्छ भन्ने तर्फ विचार गर्दा यस अदालतबाट *अधिवक्ता ओमप्रकाश अर्याल वि. सम्माननीय राष्ट्रपतिको कार्यालय, सितलनिवास, काठमाडौं समेत भएको रिट निवेदनमा*[४३] कस्तो अवस्थामा व्यक्तिको उच्च नैतिक चरित्र भएको मान्न मिल्ने वा नमिल्ने भनी भएको व्याख्या यस विषयमा सान्दर्भिक हुने देखिन्छ। प्रस्तुत मुद्दामा "*सामान्यतयाः कुनै मानिसलाई चारित्रिक दृष्टिले तीन वर्गमा विभाजन गर्न सकिन्छः (१) उच्च नैतिक चरित्र भएको व्यक्ति, (२) सामान्य नैतिक चरित्र भएको व्यक्ति, र (३) चरित्रहीन वा नैतिक पतन भएको व्यक्ति। प्रस्तुत विवादका सन्दर्भमा उल्लिखित दोस्रो र तेस्रो वर्गको अवस्था सम्बन्धमा विचार गरी रहन आवश्यक देखिँदैन। निरूपण गर्नुपर्ने प्रश्न उच्च नैतिक चरित्र भन्ने रहेको हुँदा यसै विषयमा विचार गर्नुपर्ने देखिन्छ। सामान्य अर्थमा भन्नुपर्दा सदाचार, निष्ठा, इमानदारिता तथा अनुशासनको पालना गरी राष्ट्रिय जीवनमा ख्याति आर्जन गरिएको अवस्थालाई "उच्च नैतिक चरित्र" भन्नुपर्ने हुन्छ। सामाजिकरूपमा तथा व्यवसायिक कर्तव्य निर्वाहको कुरामा सामान्य समझको मानिस (Person of Common Prudence) को दृष्टिमा चरित्र निन्दनीय छैन भन्ने कुरालाई पनि "उच्च नैतिक चरित्र" निर्धारण गर्ने आधार मान्न सकिन्छ। तथापि, यो यति कुरा भयो भने उच्च नैतिक चरित्र प्रमाणित हुन्छ भनी सबै अवस्थाहरूलाई समेटी सूचीकृत गर्नु व्यवहारिक र सम्भव हुँदैन। विवादित (सान्दर्भिक) तथ्यहरूको सापेक्षतामा यो प्रश्नको निरूपण गरिनु पर्ने हुन्छ। कतिपय अवस्थामा यसलाई नकारात्मकरूपमा परिभाषित गरी (Negative definition गरी) सन्दर्भअनुसार निक्यौंल गर्नुपर्ने अवस्था रहन्छ। उदाहरणका लागि कुनै राष्ट्रसेवकउपर भ्रष्टाचारको अभियोग लगाइएको छ वा निजले पदीय अनुशासन पालना नगरेको भनी पदबाट हटाइएको छ वा कानूनबमोजिम गठन भएको आयोग, समिति आदिले छानबिन गरी शक्ति, सत्ता, पद आदिको दुरूपयोग गरी मानव अधिकारको उल्लङ्घन गरेको छ भनी प्रतिवेदन दिएको छ भने अन्यथा प्रमाणित नभएसम्म त्यस्ता व्यक्तिलाई "उच्च नैतिक चरित्र" भएको व्यक्ति मान्न मिल्ने देखिदैन*" भनी व्याख्या गरेको पाइन्छ। साथै, सुनिलरन्जन

[४३] ओमप्रकाश अर्याल वि. सम्माननीय राष्ट्रपतिको कार्यालय, सितलनिवास, काठमाडौं समेत, ने.का.प. २०७३ अङ्क ११, नि.नं. ९७१०।

*सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत* भएको रिट निवेदनका सन्दर्भमा[४४] यस अदालतबाट *"मानव अधिकार उल्लङ्घनको घटनामा संलग्न भए नभएको र मानव अधिकार एवं कानूनी राज्यमा आस्था भए नभएको नहेरी कुनै सार्वजनिक उत्तरदायित्व वहन गर्ने व्यक्तिलाई राज्य सत्ताको उपयोग गर्ने किसिमको खास जिम्मेवारी दिंदा राज्य र सर्वसाधारण थप संकटमा पर्न सक्ने"* भनी व्याख्या गरिएको पाइन्छ।

४८. मानव अधिकार उल्लङ्घनकर्ता भनी कारवाही भएका वा सिफारिसमा परेका व्यक्तिहरुलाई संवैधानिक वा कुनै सार्वजनिक पदमा नियूक्ति वा बढुवा गर्दा के गर्ने भन्ने सम्बन्धमा संविधान तथा ऐन कानूनमा स्पष्ट रुपमा व्यवस्था भएको पाइदैन। यद्यपी संविधानमा नै कुनै संवैधानिक पदमा नियुक्ति गर्दा नियुक्ति हुने व्यक्तिको उच्च नैतिक चरित्र भएको हुनुपर्ने भनी उल्लेख भएको तथा सो सम्बन्धमा उल्लिखित मुद्दाहरुमा यस अदालतबाट व्याख्यासमेत भएको पाइन्छ। थप मानव अधिकारको उल्लङ्घनमा कारवाहीमा परेका व्यक्तिहरुलाई अन्य कुनै सार्वजनिक पदमा नियुक्ति, वढुवा वा अन्य कुनै सुविधा उपलब्ध गराउदा समेत यस सम्बन्धमा ध्यान पर्ने देखिन्छ। यस अवस्थामा मानव अधिकारको उल्लङ्घन गर्ने जस्तो गम्भीर विषयमा उल्लङ्घनकर्ताको रुपमा आयोगबाट सुनुवाइको मौकासमेत प्रदान गरी निर्णय भई मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा दोषी ठहर भएका व्यक्तिलाई आयोगले कानूनी व्यवस्था तय गरेमा सोहीबमोजिम वा ऐनमा संशोधन भई त्यस्ता व्यक्तिलाई निश्चित छेकवार लगाउने भन्ने प्रावधान आएमा सोही बमोजिम वा नैतिकताको आधारमा समेत नियुक्ति गर्न नहुने तथा बढुवा लगायतका वृत्ति विकासका कार्यमा सङ्लग्न गराउन नहुने गरी प्रबन्ध वा व्यवस्था गरिनुपर्ने आयोगको ठम्याईलाई अन्यथा भन्न सक्ने देखिंदैन।

४९. चौथो प्रश्न राष्ट्रिय मानव अधिकार आयोगलाई संविधानबमोजिमको मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने दायित्व निर्वाह गर्न आफ्नो अवहेलना तथा मानहानी गरेकोमा कारवाही गर्ने अधिकारको आवश्यकता पर्छ वा पर्दैन भन्ने सम्बन्धमा विचार गर्दा अवहेलना भनेको के हो भन्ने प्रश्नबाटै यस विषयमा प्रवेश गर्न उपयुक्त देखिन्छ। न्यायिक निकायको स्वतन्त्रता विपरित अदालतको इज्जत, प्रतिष्ठा, मर्यादा

[४४] सुनिलरन्जन सिंह समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत, नेकाप २०६९, अंक १२, नि.नं. ८९३३।

र सम्मानमा आँच आउने गरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा गरिने गम्भीर प्रकृतिका क्रियाकलापलाई अदालतको वा न्यायिक निकायको अवहेलनाजन्य कार्य मानिन्छ। अदालत वा कुनै न्यायिक निकायले भविष्यमा गर्ने, वर्तमानमा गरिरहेको वा विगतमा गरिसकेको न्याय सम्पादनको कार्यका सम्बन्धमा न्यायिक विश्वासमा नै अनास्था वा अविश्वास प्रकट हुने गरी गरिने प्रत्यक्ष वा अप्रत्यक्ष कार्यबाट अदालत वा न्यायिक निकायको निष्पक्षतामा आक्षेप लगाएको मानिने र त्यस्तो कार्यबाट अदालतको गरिमा र प्रतिष्ठामा आघात पुग्न जाने कारण भएमा अदालत वा न्यायिक निकायको अवहेलना हुने मानिन्छ। अदालतको अवहेलना भन्नाले न्याय प्रशासनको सन्दर्भमा कुनै अदालत वा न्यायाधीशलाई अपमानजनक आरोप लगाई वा कुनै कार्य गरी, गरिएको कुनै काम वा प्रकाशित गरिएको लेख वा अदालतको अधिकार एवं मर्यादालाई होच्याउने काम भनी बुझिने गरेको पाइन्छ। अदालतको अवहेलनाको सन्दर्भमा "आफ्नो मुद्दामा आफै न्यायाधीश हुन नपाइने" भन्ने सिद्धान्त लागु हुदैन र यसमा अपनाइने कार्यविधि पनि अदालत वा सम्बन्धित न्यायिक निकायले आफै निर्धारण गर्दछ।

५०. संवैधानिक व्यवस्था अन्तर्गत नेपालको संविधानद्वारा "*न्यायसम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा*" अदालतको अवहेलनामा कारवाही गर्ने अधिकार तीनै तहका अदालतहरुलाई प्रदान गरिएको देखिन्छ।[४५] यससँगै संघीय कानूनअन्तर्गत न्याय प्रशासन ऐन, २०७३ ले समेत तीनै तहका अदालतलाइ अदालतको अवहेलनामा कारबाही चलाउन सक्ने गरी व्यवस्था गरेको देखिन्छ। सो ऐनको दफा १७(१) मा सर्वोच्च अदालतले आफ्नो र उच्च अदालत वा जिल्ला अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा अदालतको अवहेलनामा कारवाही चलाउन सक्ने व्यवस्था रहेको छ। दफा १७(२) मा उच्च अदालतले आफ्नो र मातहतको जिल्ला अदालत वा न्यायिक निकायको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा अदालतको अवहेलनामा कारबाही चलाउन सक्ने छ भनेर व्यवस्था गर्नुका साथै दफा १७ (३) मा जिल्ला अदालतले आफ्नो र मातहतको अदालत वा न्यायिक निकायको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा अदालतको अवहेलनामा कारबाही चलाउन सक्नेछ भनी व्यवस्था गरको देखिन्छ। यस्तो अधिकार अदालतको प्रत्यक्ष निर्देशनमा रहने गरी सिमित रहेको देखिन्छ। यस प्रसङ्गमा अर्धन्यायिक निकायमा हुने मानहानीका सम्बन्धमा भने सम्बन्धित निकाय आफैले कानूनअनुसार वा आफुमा अन्तर्निहित अधिकारको आधारमा हेर्नुपर्ने देखिन्छ।

---

[४५] नेपालको संविधान, धारा १२८(४), १३९(२), १५१(१)।

५१. ऐतिहासिक परिप्रेक्षमा सर्वोच्च अदालतको "अवहेलना" मा कारवाही हुने भन्दै अवहेलनालाई नेपालको दोस्रो संविधान (नेपालको अन्तरिम शासन विधान, २००७) को धारा ५७(५) मा न्यायिक स्वरूप लिइएको पाइन्छ। न्यायिक अवहेलनाका लागि दण्डित गर्ने शक्तिलाई न्यायपालिकाको स्वतन्त्रता तथा विश्वसनीयतालाई मूल्यबोध गराउने अवधारणाका रुपमा मानिन्छ। अदालतमा कार्यरत न्यायाधीशको काम, कर्तव्य तथा निर्देशनमा अनावश्यक हस्तक्षेप वा बाधाहरु आउन नदिनका लागि अवहेलनाको कारवाही चलाउन अत्यन्तै आवश्यक मानिन्छ।

५२. अदालतको अवहेलनाको सम्बन्धमा विधायिकि कानूनको रुपमा भारतमा अदालतको अवहेलना सम्बन्धी ऐन, १९७१ (Contempt of Court Act, 1971) रहेको पाइन्छ। उक्त ऐनले अवहेलनालाई देवानी प्रकृतिको (civil contempt) र फौजदारी प्रकृतिको (criminal contempt) भनी परिभाषित गरेको देखिन्छ।[४६] देवानी प्रकृतिको अवहेलनाले अदालतको आदेशको अवज्ञालाई जनाउने तथा फौजदारी प्रकृतिको अवहेलनाले अदालतसम्बन्धी अनर्गल प्रचार, अवाञ्छित लाम्छना जस्ता कार्यलाई जनाउने गरेको पाइन्छ।

५३. नेपालमा अदालतको अवहेलनाका सम्बन्धमा व्यवस्थापिकाले हालसम्म कुनै कानुन बनाएको देखिदैन। के कस्तो कामले अदालतको अवहेलना हुन्छ भन्ने कुरा त्यसको परिस्थिति अनुसार अदालत आफैले ठहर गर्ने कुरा हो। सन्तोष भट्टराई वि. संचयकोष भवन पुलचोक ललितपुर स्थित हिमाल मिडिया प्रा.लि.का प्रकाशक कनकमणि दिक्षीत समेत[४७] भएको मुद्दामा देहायको कामहरु जस्तै अदालतको निर्णय वा आदेशको जानाजान Willful अवज्ञा गर्ने, अदालत समक्ष गरेको प्रतिज्ञा जानाजान Willful भंग वा अवज्ञा गर्ने, बोलेर वा लेखेर वा अन्य कुनै प्रकाशनद्वारा अदालतप्रति भ्रामक हल्ला फिजाई अनास्था पैदा काण्ड मच्चाउनु अर्थात Scandalize गर्ने, बोलेर वा लेखेर वा अन्य कुनै प्रकाशन वा कार्यद्वारा अदालती कारवाहीमा हस्तक्षेप गर्ने, बोलेर वा लेखेर वा अन्य प्रकाशन वा कामद्वारा अदालती कारवाहीमा हस्तक्षेप गर्ने वा प्रशासनमा अवरोध गर्ने, अदालतमा विचाराधीन मुद्दामा टिप्पणी गरी स्वतन्त्र र निष्पक्ष न्याय सम्पादनमा हुने काम गर्ने, मुद्दाका पक्षहरु, मुद्दाका साक्षीहरु तथा अदालतका कर्मचारीलाई बाधा बिरोध गर्ने कार्य र अदालतलाई विवादमा ल्याउने जुनसुकै कार्यलाई अदालतको अपहेलना मान्नुपर्ने भनी व्याख्या गरेको पाइन्छ। अदालतको अवहेलनामा कारवाही गर्ने सम्बन्धमा कुनै

[४६] Contempt of Court Act, 1971, § 2(b),(c).

[४७] सन्तोष भट्टराई वि. संचयकोष भवन पुलचोक ललितपुर स्थित हिमाल मिडिया प्रा.लि.का प्रकाशक कनकमणि दिक्षीत समेत, ने.का.प. २०६४, नि.नं. ७८४०।

वस्तुनिष्ठ आधार रहेको पाइदैंन। अदालतले अवहेलनाजन्य कार्य हो वा होइन भनी निर्धारण गर्दा प्रत्येक मुद्दालाई फरकफरक प्रकृतिबाट लिइने गरिएको पाइन्छ। कतिपय मुद्दामा कुनै पनि कार्य अवहेलनाजन्य हो वा होइन भनी निरुपण गर्दा *general prudence test* को प्रयोग गरिएको पाइन्छ। [४८]

५४. यसका साथै, आफ्नो अवहेलनामा कारवाही गर्ने संवैधानिक अधिकार अदालतबाहेक संघीय संसद [४९] र प्रदेश सभालाई [५०] समेत प्रदान गरिएको देखिन्छ। संघीय संसद तथा प्रदेश सभाको संविधानप्रदत्त विशेषाधिकारको हनन भएमा अवहेलनाजन्य कार्य भएको मानिने भनी संविधानले व्यवस्था गरेको देखिन्छ। तर, अदालत, संघीय संसद र प्रदेश सभाबाहेक अन्य कुनै पनि निकायलाई संविधानले आफ्नो अवहेलनामा कारवाही गर्न सक्ने अधिकार व्यक्त रुपमा (explicitly) प्रदान गरेको देखिँदैन।

५५. अब, राष्ट्रिय मानव अधिकार आयोगलाई आफ्नो निर्णय, सिफारिस वा आदेशको पालना वा कार्यान्वयन नगरेमा पालना वा कार्यान्वयन नगर्ने निकाय, पदाधिकारी वा व्यक्तिलाई मानहानी वा अवहेलनाको कारवाही गर्ने अधिकार रहेको वा नरहेको सन्दर्भमा विचार गर्दा अर्ध न्यायिक **प्रकृतिका संवैधानिक निकायहरु जस्तै; मानव अधिकार आयोगलाई अवहेलना/मानहानी सम्बन्धी कारवाही चलाउन सक्ने भनी संविधानमा स्पष्ट व्यवस्था नभएतापनि त्यस्तो कारवाही चलाउन सक्ने सम्बन्धमा संविधान र कानुनमा भइरहेका व्यवस्थाको प्रयोग गर्न नसकिने भन्ने देखिँदैन।**

५६. मानव अधिकारको सम्मान, संरक्षण तथा संवर्द्धनका लागि स्थापित संस्थागत संरचनाहरुको अवहेलनाजन्य कार्यमा कारवाही गर्न सक्ने अधिकारको सन्दर्भमा तुलनात्मक विधिशास्त्रिय अध्ययनबाट विभिन्न मुलुकहरु जस्तै गाम्बिया, सिरिआलियोन (Sierra Leone) मा राष्ट्रिय मानव अधिकार आयोगलाई आफ्नो अवहेलना र मानहानी सम्बन्धमा कारवाही गर्न पाउने अधिकार प्रदान गरिएको देखिन्छ। **गाम्वियाको कानूनी व्यवस्थामा** "..... that if person fails to answer a question asked of him or her before a henge of the commission without legal justification may be cited to be in contempt of the proceedings of the commission." [५१] भनेर उल्लेख भएको पाइन्छ। **साथै,** Commission can also commit any person for contempt of its order[५२] भन्ने उल्लेख गरिएको पाइन्छ भने सोही प्रावधानको Form 4 मा गाम्वियाको राष्ट्रिय मानव

---

[४८] थीर प्रसाद पोखरेल वि. हरिहर विरहि, नेकाप २०४९, अंक ८, नि.नं. ४६०४।

[४९] नेपालको संविधान धारा, १०३(७)।

[५०] ऐ. धारा १८७(७)।

[५१] Rule of Procedure on Complaints Handling Rule, 2019, 26 (2).

[५२] Foreword of Rules of Procedure on Complaints Handling.

अधिकार आयोगले Contempt को विरुद्धमा Warrant समेत जारी गर्न सक्ने व्यवस्था उल्लेख गरेको देखिन्छ।[५३]

५७. यसैगरी **सिरिआलियोन** (Sierra Leone)मा Commission shall have the power to issue or make order or direction to enforce its decisions भन्ने उल्लेख गरेको पाइन्छ।[५४] तर Section 8 (c) मा Power to refer to High court for contempt: any person who refuses, without justifiable cause, to comply with a decision, direction or order of the commission within a specified time.[५५] भन्ने उल्लेख गरेको पाइन्छ। यसलाई हेर्दा आयोगले आफ्नो निर्णय वा आदेश कार्यान्वयनको लागि आदेश दिन सक्ने भनेता पनि आदेशको अवहेलना भएको खण्डमा उच्च अदालतमा जानु पर्ने अवस्था रहेको देखिन्छ।

५८. अब, नेपालको कानूनी प्रणालीमा न्यायीक निकाय, संघीय संसद तथा प्रदेश सभाबाहेक अन्य कुनै निकायलाई मानहानी वा अवहेलनामा कारवाही गर्न सक्ने अधिकार प्रदान गरिएको छ वा छैन भनी हेर्दा जाँचबुझ आयोग ऐन बमोजिम गठित आयोगले आफनो अवहेलनामा कारवाई चलाउन सक्ने र आयोगको अवहेलना ठहराएमा पाँच सय रुपैंया सम्म जरिवाना गर्न सक्ने अधिकार प्रदान गरिएको देखिन्छ।[५६] तर आयोगलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा निजलाई आयोगले माफी दिन वा सजाय तोकिएको भए सो सजाय माफ गर्न सक्नेछ भन्ने समेतको व्यवस्था गरिएको छ। यसैगरी, बेपत्ता पारिएका व्यक्तिको छानविन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनले आयोगलाई आफ्नो अवहेलनामा कारवाही चलाउन सक्ने गरी अधिकार प्रदान गरि आयोगले आफ्नो अवहेलना भएको ठहर्याएमा पन्ध्र हजार रुपैंया सम्म जरिवाना वा तीन महिना सम्म कैद वा दुवै सजाय गर्न सक्ने र यद्यपी सम्बन्धित व्यक्ति वा निकायले आयोगलाई सन्तोष हुने गरी क्षमायाचना गरेमा आयोगले क्षमा दिन वा सजाय तोकी सकेको भए सजाय माफ गर्न, घटाउन वा आयोगले तोकेको शर्तमा सजाय मुलतवी राखी त्यस्तो शर्तको पालना भएमा सजाय कार्यान्वयन नगर्ने आदेश दिन समेत सक्ने व्यवस्था रहेको पाइन्छ।[५७] यसका साथै, सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा राष्ट्रिय सूचना आयोगले सो ऐनबमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई आयोगले दश हजार रुपैंयासम्म जरिवाना गर्न सक्नेछ भन्ने व्यस्था रहेकाले राष्ट्रिय सूचना आयोगले समेत आफ्नो

---

[५३] Rules of Procedure on Complaints Handling Rule, 2019 p. 17.

[५४] Section 8 (b) of the Human Right Commission Act 2004.

[५५] Section 8 (c) of the Human Right Commission Act 2004 .

[५६] जाँचबुझ आयोग ऐन, २०२६, दफा ६।

[५७] बेपत्ता पारिएका व्यक्तिको छानविन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१, दफा १६।

निर्णयको पालना नगर्ने व्यक्तिलाई अवहेलनासरह कार्वाही गर्न सक्ने अधिकार प्रदान गरिएको देखिन्छ।[५८] यसरी अस्थायी प्रकृतिको लागि गठन गरिने जाँचबुझ आयोगसमेतलाई आफ्नो अवहेलना/मानहानीमा कार्वाही गर्ने अधिकार प्रदान गरिएको र निश्चित उद्देश्य भएका सङ्क्रमणकालिन न्याय सम्बन्धी आयोगहरुलाई समेत सो किसिमको अधिकार प्राप्त भएको परिप्रेक्षमा संविधानमा नै आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालन गर्दा अदालतसरह अधिकार हुनेछ भनी व्यवस्था भएकोमा[५९] मानव अधिकार आयोगलाई आफ्नो अवहेलना/मानहानीमा कार्वाही गर्ने अधिकार रहेकै मान्नुपर्ने देखिन्छ।

५९. साधारणतयाः अहरणीय ( non-derogable/inalienable)[६०] अधिकारको रुपमा लिइने जन्मसिद्ध प्रकृतिका मानव अधिकार लगायतको सम्मान, संरक्षण तथा संवर्द्धन गर्ने संवैधानिक कार्यादेश भएको आयोगको सिफारिसहरुको कार्यान्वयनको अवस्थाबारे मानव अधिकार आयोगको प्रतिवेदन[६१] अनुसार आयोगको सिफारिसहरु १५.३ प्रतिशतमात्र पुर्ण रुपमा कार्यान्वयन भएको अवस्था देखिएको परिप्रेक्षमा माथि उल्लिखित तुलनात्मक क्षेत्राधिकार जस्तै नेपालको मानव अधिकार आयोगलाई समेत कानून मै उल्लेख गरी अवहेलनामा कारवाही गर्न सक्ने अधिकार प्रदान गर्न सक्ने विषयमा विचार गर्न सकिने नै देखिन्छ। आयोगको सिफारिस, निर्णय तथा आदेशको कार्यान्वयन तथा पालना प्रत्यक्ष रुपमा मानव अधिकारको प्रचलन तथा उपभोगसँग सम्बन्धित रहेका हुन्छन्। आयोगको सिफारिस, निर्णय तथा आदेशको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता नहुनुले समाजमा मानव अधिकारको संरक्षण, सम्मान र संवर्द्धनको सम्बन्धमा प्रतिकुलता सिर्जना हुने अवस्थालाई दर्शाउँदछ। तसर्थ,आयोगको सिफारिस, आदेश तथा निर्णयको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नका लागि आयोगलाई अवहेलनामा कारवाही गर्न सक्ने अधिकार हुनुपर्ने विषयलाई अन्यथा मान्न मिल्ने देखिँदैन।

६०. नेपालको संविधान अन्तर्गत राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा दोषी उपर कारबाहीको सिफारीस गर्न सक्ने व्यवस्था गरेको देखिन्छ।[६२] संविधानको धारा २४९(२) लाई हेर्ने हो भने यसमा केवल सिफारिसको मात्र व्यवस्था गरिएको छ। राष्ट्रिय मानव अधिकार आयोग स्वयंले दोषिउपर कारवाही गर्न सक्ने

---

[५८] सूचनाको हक सम्बन्धी ऐन, २०६४, दफा ३२(५)।

[५९] नेपालको संविधान, धारा २४९(३)(क)।

[६०] *See* International Covenant on Civil and Political Rights (adopted 19 December 1966, entered into force 23 March 1976) 999 UNTS 171 art 4(2).

[६१] राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन (संक्षिप्त) आ.व. २०७८-२०७९, पेज नं. १७

[६२] नेपालको संविधान धारा २४९ २ (ख)

देखिँदैन। राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अन्तर्गत दफा ११ मा प्रारम्भिक कारवाही गर्न सक्ने व्यवस्था गरेको छ, जसमा दफा ११(१) मा मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएको सम्बन्धमा उजुरी परेमा वा जानकारी प्राप्त हुन आएमा वा सो विषयमा आफ्नो स्वविवेकमा छानबिन तथा अनुसन्धान गर्न उपयुक्त ठानेमा आयोगले तोकिए बमोजिम तत्काले प्रारम्भिक कारबाही गर्नु पर्ने भनेर उल्लेख गरिएको पाइन्छ। दफा ११ (२) मा कारबाही गर्दा प्रथम दृष्टिमा नै कुनै व्यक्तिको मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहन भइरहेको देखिन आएमा आयोगले त्यस्तो कार्य तत्काले रोक्न सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीको नाममा आदेश दिन सक्नेछ भन्ने समेत उल्लेख गरेको पाइन्छ। *तसर्थ, मानव अधिकार आयोग सम्बन्धी संवैधानिक प्रावधान अन्तर्गत धारा २४९(३)(क) मा मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालन गर्दा कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने संवैधानिक व्यवस्था रहेको पाइन्छ। वस्तुतः त्यस्तो अदालतलाई भएसरहको अधिकार भन्नाले आफ्नो अवहेलना/मानहानी भएमा सम्बन्धित व्यक्तिलाई आयोगको अवहेलनामा किन कार्वाही नगर्ने भनी स्पष्टिकरण सोध्ने, उक्त स्पष्टिकरण चित्तबुझ्दो नभएमा आयोगको अवहेलनामा अदालतको अवहेलनामा हुने सम्मको सजाय वा आयोगलाई लागेको अन्य उपयुक्त सजाय किन नगर्ने भनी पुनःस्पष्टिकरण सोधी सुनुवाईको उचित मौका प्रदान गरी आफ्नो अवहेलनाको सम्बन्धमा कार्वाही गर्न सक्ने अधिकार मान्नुपर्ने देखिन्छ। तसर्थ, संविधानको उपर्युक्त प्रावधानमा मानव अधिकार आयोगले आफ्नो अवहेलना/मानहानीमा कारवाही गर्ने अधिकार अन्तरनिहित रहेको मानी आवश्यक कार्य गर्न सक्ने नै देखिन्छ।*

६१. मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरुको मार्गदर्शक सिद्धान्तको रुपमा रहेको पेरिस सिद्धान्तको कार्यक्षमता तथा दायित्व **(Competence and Responaibility)** सम्बन्धी सिद्धान्तमा ***"A national institution shall be given as broad a mandate as possible, which shall be clearly set forth in a constitutional or legislative text..."***[६३] भनी व्यवस्था भएको देखिन्छ। यसै सिद्धान्तको मर्मअनुरुप समेत आयोगलाई प्राप्त हुनुपर्ने वृहद् कार्यादेश अन्तर्गत आफ्नो सिफारिस, निर्णय तथा आदेश पालन तथा कार्यन्वयन नगर्ने व्यक्ति, पदाधिकारी तथा निकायलाई अवहेलनामा कारवाही गर्न सक्ने मान्यतालाई अन्यथा मान्नुपर्ने देखिएन।

६२. यद्यपी यस सम्बन्धमा राष्ट्रिय मानब अधिकार आयोगले प्रधानमन्त्री तथा मन्त्री परिषदको

[६३] Paris Principle, 1993, UN General Assembly Resolution 48/134.

कार्यालय, कानून तथा फैसला कार्यान्वयन शाखामा पठाएको च.नं. LAD ५०५ मिति २०७२/०९/२३ को पत्रबाट राष्ट्रिय मानव अधिकार ऐन, २०६८ को संशोधन प्रस्तावमा दफा २१ को उपदफा (२) पछि उपदफा (३) र (४) थप गर्न प्रस्ताव गरेको देखिन्छ। जस अन्तर्गत उपदफा (३) मा अवहेलनामा कारबाहीमा गर्न सक्ने भन्ने व्यवस्था थप गरिएको देखिन्छ। उपदफा (३) मा *"आयोगले आफ्नो अवहेलनामा कारबाही चलाउन सक्नेछ। यसरी कारबाही चलाउँदा आयोगले आफ्नो अवहेलना भएको ठहऱ्याएमा बिस हजार रूपैयाँ सम्म जरिवाना वा तिन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ। त्यस्तो सजायको कार्यान्वयन आयोगको आदेश बमोजिम सम्बन्धित निकाय वा कार्यालयले गर्नु पर्नेछ।"* भन्ने व्यवस्था थप गरिएको र उपदफा (४) मा *"उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि सम्बन्धित व्यक्ति वा निकायले आयोगलाई सन्तोष हुने गरि क्षमा याचना गरेमा आयोगले सजाय माफ गर्न, गराउन सक्नेछ।"* भन्ने व्यवस्था थप गरिएको पाइन्छ। वस्तुतः हाल कायम रहेको संवैधानिक प्रावधानअनुरुप आयोगले सिफारिस गरेको स्पष्ट कानूनी व्यवस्थाको प्रस्तावलाई अनुचित मान्न सकिने देखिँदैन।

६३. अब अन्तिम एवं पाचौं प्रश्न निवेदकको माग बमोजिम रिट जारी हुने हो वा होइन? भन्ने सम्बन्धमा विचार गर्दा नेपालको संविधानको धारा १३३ को उपधारा (१) मा *"यस संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानून यो संविधानसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग वा प्रदेश सभाले बनाएको कुनै कानून संघीय संसदले बनाएको कुनै कानूनसँग बाझिएको वा नगर सभा वा गाउँ सभाले बनाएको कुनै कानून संघीय संसद वा प्रदेश सभाले बनाएको कुनै कानूनसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग बदर घोषित गरी पाऊँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ र सो अनुसार कुनै कानून बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ"* भनी व्यवस्था गरेको देखिन्छ। उक्त व्यवस्था अनुरुप नेपालको संविधानको धारा २४९ सँग बाझिएको वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरोषण तथा मेलमिलाप आयोग ऐन, २०७१ दफा १३ को उपदफा (३) बदर गरी पाउँ भन्ने निवेदकको माग रहेको देखिन्छ।

६४. निवेदकको उल्लिखित माग बमोजिम आदेश जारी हुने हो वा होइन भन्ने विषयको निक्यौंल

गर्नका निमित्त वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरोपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को पृष्ठभूमि, त्यसको उद्देश्य र सो ऐनको उक्त दफामा गरिएको व्यवस्था प्रतिको विधायिकाको मनसायलगातका विषयलाई मध्यनजर गरी उक्त दफाको वास्तविक व्याख्या गर्नुपर्ने हुन्छ। उक्त व्याख्याले मात्र सो दफा नेपालको संविधानसँग बाझिएको छ वा छैन भन्ने कुरा निर्धारण गर्न सक्छ।

६५. मिति २०६३।८।५ मा नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच भएको विस्तृत शान्ति सम्झौताको प्रकरण ८.४ मा सो सम्झौता लगायतका सहमति कार्यान्वयन गर्न सत्य निरुपण तथा मेलमिलाप आयोग लगायत आवश्यकता अनुसार अन्य संयन्त्र गठन गर्ने प्रतिबद्धता व्यक्त भएको र तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ र उक्त सम्झौताको मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्ध अपराध सम्बन्धी घटनाको बारेमा सत्य तथ्य पत्ता लगाई वास्तविक तथ्य पत्ता लगाउने र सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिको छानविन लगायतका कार्य गर्नको लागि "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१" बनाई कार्यान्वयनमा ल्याइएको देखिन्छ। उक्त ऐन विशेष रुपमा सशस्त्र द्वन्द्वका क्रममा घटेका घटनाको छानविन र सत्य तथ्य पत्ता लगाउने विशिष्ट प्रयोजनको लागि रहेको देखिन्छ। उक्त ऐन अन्तर्गत बनेका बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग सोही ऐनको दफा ३९ बमोजिम आफ्नो कार्य सम्पन्न गरेपछि विघटन हुने हुँदा सो ऐनको प्रयोजन तत्पश्चात् स्वतः समाप्त हुने देखिन्छ। सो ऐन अन्तर्गत गठन भएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग एक अस्थायी संयन्त्रको रुपमा रहेको देखिन्छ। विभिन्न देशहरुमा यस्तो अभ्यास भएको पाइन्छ। यसरी विशेष रुपमा सशस्त्र द्वन्द्वका क्रममा घटेका घटनाको छानविन र सत्य तथ्य पत्ता लगाउनेका लागि खडा गरिएको अस्थायी संयन्त्रले गर्ने काम कारबाही तथा कर्तव्य र समग्रमा मानव अधिकारको संरक्षण र सम्वर्द्धनको लागि संवैधानिक अङ्गको रुपमा काम गरिरहेको राष्ट्रिय मानव अधिकार आयोगको काम कारवाही र कर्तव्य प्रथम दृष्टिमा हेर्दा उस्तै देखिएतापनि उक्त संस्थाहरुको आफ्नो उद्देश्य र लक्ष्यमा भने भिन्नता रहेको हुँदा उक्त उद्देश्य प्राप्तिका लागि बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन,

२०७१ को दफा १३(३) ले गरेको व्यवस्था संविधानको प्रावधानको विपरित रहेको नदेखिँदा निवेदकको माग बमोजिम उत्प्रेषणको आदेश जारी ऐनको उक्त प्रावधान वदर गरिरहनु पर्ने अवस्था देखिएन। त्यस्तै निवेदकले उठाएको राष्ट्रिय मानव अधिकार ऐनले मानव अधिकार उल्लङ्घनकर्ताहरुको नाम सार्वजनिकरण गर्ने तथा सोको अभिलेख राख्ने विषय, आयोगको निर्णय तथा सिफारिसहरुको कार्यान्वयनसम्बन्धी विषय, आयोगको निर्णय तथा सिफारिसमा दोषी देखिएका व्यक्तिहरुलाई सार्वजनिक पदमा नियुक्ति, वढुवा वा वैदेशिक तालिममा सहभागी नगराउने विषय तथा राष्ट्रिय मानव अधिकार आयोगलाई आफ्नो अवहेलनामा कारवाही गर्ने अधिकार लगायतका विषयवस्तुहरुमध्य कतिपय विषयहरु राष्ट्रिय मानव अधिकार आयोगले राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ को संशोधनको विषयवस्तुमा उल्लेख गरी सम्बन्धित निकायमा पेश गरेको देखिन्छ भने अन्य कतिपय विषयहरु विभिन्न लिखितजवाफहरुमा सकारात्मक भई आयोगका सिफारिसहरु कार्यान्वयन गर्ने जस्ता नितिगत विषयमा स्वीकारोक्ति नै देखिँदा निवेदकको मागबमोजिम तत्काल परमादेश जारी गरिरहनु पर्ने देखिएन। तसर्थ, निवेदकको माग बमोजिमको उत्प्रेषण र परमादेशको आदेश जारी गरिपाऊँ भन्ने रिट खारेज हुने ठहर्छ।

६६. वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(३) संविधानको धारा २४९ सँग बाझिएको नदेखिएतापनि मानव अधिकार आयोगबाट पठाइएका सिफारिसहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक नभएको हुँदा सिफारिसहरुको कार्यान्वयनलाई सुदृढ गर्नको लागि मानव अधिकार आयोग सम्बन्धी कानूनमा सुधार र संशोधनको आवश्यकता देखिएकोले मानव अधिकार उल्लङ्घनकर्ताको नाम सार्वजनिक र अभिलेखिकरण गर्नुको साथै आयोगले गरेको कारवाहीको सिफारिसहरु कार्यान्वयन नभएको अवस्थासमेतमा अपहेलनामा कारवाही चलाउन सक्ने गरी कानूनमा संशोधन गर्नु उपयुक्त देखिन्छ। तसर्थ, नेपालको संविधान, पेरिस सिद्धान्त, सर्वोच्च अदालतबाट यस भन्दा अघि भएको आदेशहरु तथा आयोग आफैंले ऐन संशोधनका सम्बन्धमा प्रस्ताव तयार गरी सिफारिस गरेको भन्ने देखिएकाले यस सन्दर्भमा निम्न बुँदाहरुमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छः-

१. राष्ट्रिय मानव अधिकार आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा फैसला कार्यान्वयन शाखामा पठाएको च.नं. LAD ५०५ मिति २०७२/०९/२३

को पत्रसाथ ऐन संशोधनको लागि पठाएको प्रस्तावमा आवश्यक परामर्श गरी संघीय संसदमा पेश गर्ने प्रयोजनका लागि कानून न्याय तथा संसदिय मामिला मन्त्रालयलाई प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मार्फत पत्राचार गर्नू।

२. राष्ट्रिय मानव अधिकार आयोगबाट गम्भीर मानव अधिकार उल्लङ्घनका विषयमा अनुसन्धान र छानविन भई फैसला सहित मुद्दा चलाउनको लागि सिफारिस भई आएका विषयहरुलाई प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्नु। महान्यायाधिवक्ताको कार्यालयले आयोगसँग आवश्यक समन्वय र परामर्श गरी सम्बन्धित अदालतमा मुद्दा दर्ता गर्ने प्रवन्ध मिलाउनु भनी पत्राचार गर्नू।

३. मानव अधिकार उल्लङ्घनकर्ताको सूची सार्वजनिक गर्ने तथा त्यस्ता व्यक्तिहरुलाई मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा मानी निजहरुको नियुक्ति, वढुवा वा प्राप्त गर्ने अन्य अवसरहरुका सम्बन्धमा छेकबार लगाउने कानूनी प्रावधानको व्यवस्था गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई लेखि पठाउनू।

४. विद्यमान संवैधानिक प्रावधान अनुसार राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो सिफारिस तथा निर्णयको कार्यान्वयन नगर्ने कुनै निकाय, पदाधिकारी वा व्यक्तिलाई अवहेलना\मानहानी सम्बन्धी कारवाही गर्न सक्ने नै भए तापनि कानूनी स्पष्टताका लागि ऐनमा उपयुक्त संशोधन गरी कार्यान्वयन गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा लेखि पठाउनू।

५. राष्ट्रिय मानव अधिकार आयोगमा रहेका वा आयोगले प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा पेश गरेका द्वन्द्वकालीन मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित उजुरीहरु सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता आयोगका ऐन, आयोगको सक्षमता र स्वतन्त्रता तथा यस अदालतको आदेश बमोजिम कानूनमा संशोधन भएमा त्यस्ता उजुरीहरुको नक्कल आफूसँग राखी सम्बन्धित आयोगहरुमा सक्कल उजुरीहरु पठाई दिनू भनी राष्ट्रिय मानव अधिकार आयोग तथा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई पत्राचार गर्नू।

६. मानव अधिकार उल्लङ्घन तथा दुरुत्साहनको उजुरी तथा सूचना, तथ्याङ्कलाई एकिकृत

रुपमा राख्न विद्युतीय प्रणालीको विकास गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र राष्ट्रिय मानव अधिकार आयोगमा पत्राचार गर्नू।

<u>तपसिल खण्ड</u>

माथि आदेश खण्डमा लेखिए बमोजिम प्रस्तुत रिट निवेदन खारेज भए तापनि निर्देशनात्मक आदेश जारी भएकोले उक्त आदेशको यथासिघ्र कार्यान्वयन गर्नु भनी विपक्षीहरुलाई आदेशको प्रतिलिपि सहितको जानकारी पठाउनू ...........................................................१

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२७(४) बमोजिम प्रस्तुत आदेशको प्रतिलिपि आदेश कार्यान्वयन प्रयोजनार्थ यस अदालतको फैसला कार्यान्वयन निर्देशनालयमा पठाउनू ..२

प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ता कार्यालयलाई दिनू .................................३

सरोकारवालाले प्रस्तुत आदेशको नक्कल माग गरेमा नियमानुसार लाग्ने दस्तुर लिई प्रमाणित प्रतिलिपि दिनू .............................................................................................४

प्रस्तुत आदेशको प्रति विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू ...........................................................५

हरि प्रसाद फुयाल

(न्यायाधीश)

उक्त रायमा सहमत छु।

सुष्मालता माथेमा

(न्यायाधीश)

इजलास अधिकृत : मैना माझी

अनुसन्धान सहयोगी: रोदिप सुनाम (शाखा अधिकृत), समिता श्रेष्ठ (शाखा अधिकृत) र निशान्त बाबु खड्का

कम्प्यूटर अपरेटर : शंकर सापकोटा

इति संवत् २०८० साल भाद्र महिना २४ गते रोज १ शुभम् .........................।